का.जि.प्र.का.द.नं. १००/०५२/६०
२६ भदौ २०८३
शुक्रबार
11 September 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २३२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

हिमालमा हलचल किनारामा जोखिम

कभर स्टोरी

११ वर्षअघि भूकम्पले लाङटाङ हल्लायो, अहिले हिमचट्टान खस्दा भोटेकोशी उर्लियो । घटनाको प्रकृति फरक भए पनि दुवैले हिमाली क्षेत्रमा बढ्दो जोखिम देखाएका छन् । अब हिमताल मात्र होइन, हिमचट्टान, हिमनदी, पर्माफ्रस्ट र नदी थुनिने सम्भावनालाई पनि विपद्को जोखिममा जोड्नुपर्ने भएको छ । समयमै निगरानी, सावधानी र पूर्वसूचना नअपनाए बदलिँदो हिमाली विपद्ले बस्ती र संरचनालाई निरन्तर सताइरहने छ । विपद् व्यवस्थापनका लागि राज्य सधैं तयारी अवस्थामा बस्नुपर्ने देखिएको छ ।

जनक नेपाल/*मध्यान्ह*

१० भदौ बिहान रसुवाको भोटेकोशी नदी एकाएक उर्लियो । केही समय अघिसम्म सामान्य रूपमा बगिरहेको नदीमा पानीसँगै हिउँ, चट्टान, माटो र गेग्रानको ठुलो भेल आयो । रसुवागढी, टिमुरे, स्याफ्रुबेसी हुँदै त्रिशूली नदीसम्म पुगेको त्यो भेलले बस्ती, सडक, पुल र जलविद्युत् संरचनामा ठुलो क्षति पुऱ्यायो ।

स्थानीयलाई नदीछेउमा बसेपछि बाढी आइरहन्छ भन्ने लागेको थियो । तर, यो सामान्य बाढी थिएन । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को प्रारम्भिक आकलनअनुसार, ठुलो परिमाणमा बरफ र चट्टानी गेग्रान भोटेकोशीको सहायक नदी ल्हेन्दे खोलामा खसेको थियो । त्यसले खोलाको साँघुरो भाग थुनेर अस्थायी ताल बनाएको हुन सक्ने र त्यसपछि पानीको बहाव एकाएक तलतिर आएको अनुमान छ । घटनाको वास्तविक कारणबारे विस्तृत अध्ययन भने भइसकेको छैन ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि बिहान करिब ८:४० बजे नेपाल-चीन सीमाक्षेत्रनजिकै माथिल्लो जलाधारमा हिमचट्टानको पहिरो गएको भनेको छ । सोही कारण ल्हेन्दे खोलामा ठुलो बाढी तथा गेग्रानको बहाव सिर्जना गरी भोटेकोशीमा प्रवेश गराएको प्रारम्भिक विवरण दिएको छ । यी दुई निकायका विश्लेषणले भन्छ,- हिम-चट्टान खस्यो, खोला थुनियो, पानी र गेग्रान जम्मा भयो र अवरोध फुटेपछि आकस्मिक बाढी आयो ।

यो घटनाले ११ वर्षअघिको लाङटाङलाई सम्झाउँछ । २०७२ वैशाख १२ को भूकम्पपछि लाङटाङ हिमालको दक्षिणी मोहडाबाट ठुलो हिमपहिरो खस्यो । बरफ, हिउँ र चट्टानसहितको त्यो पहिरोले लाङटाङ गाउँलाई ठुलो क्षति पुऱ्यायो । त्यो हिमपहिरोको मुख्य कारण भूकम्पलाई मानियो ।

यसपटक भने अवस्था भिन्न देखिन्छ । लाङटाङ लिरुङकै उत्तरी भेगबाट हिमचट्टान खसेको र त्यसको प्रभाव ल्हेन्दे खोलामा परेको प्रारम्भिक अध्ययनहरूले देखाएका छन् । २०७२ को घटनामा भूकम्पले हिमपहिरो निम्त्याएको थियो भने अहिले हिमचट्टान खसेर खोला थुनिएर आकस्मिक बाढी आएको देखिन्छ । तर दुवै घटनाले लाङटाङ क्षेत्रको हिमाली भूभाग अस्थिर रहेको पुष्टि गरेको छ ।

'उच्च हिमाली भागबाट ठुलो परिमाणमा चट्टान र बरफ खसेर तीव्र गतिमा तल आएको देखिन्छ । त्यसले खोलालाई अस्थायी रूपमा थुनेपछि पानी र भग्नावशेष जम्मा भएको हुन सक्छ,' पृष्ठ २ मा

> विपत्तिको पूर्वानुमान सधैं घण्टौंअघि सम्भव नहुन सक्छ । नेपालले पाँच मिनेटभित्र सूचना, निर्णय र प्रतिकार्य सुरु गर्न सक्ने बहुजोखिम पूर्वसूचना प्रणाली विकास गर्नुपर्छ ।
>
>
>
> **डा.रोहिणी देवकोटा**
> वातावरण वैज्ञानिक

> हिमरेखा माथि सर्दै जाँदा हिमालमा धेरै फेरबदल आइरहेको छ । जलवायु परिवर्तनले त्यसको गति बढाएको छ । चट्टान मक्किने र हिम-चट्टान पहिरो जाने क्रम बढाएको छ ।
>
>
>
> **श्रीकमल द्विवेदी**
> भूगर्भविद्

'ठुलो बाढी आउन हिमताल नै फुट्नुपर्दैन'

भोटेकोशी आकस्मिक बाढीको मुख्य कारण जलवायु परिवर्तन हो ?

उपलब्ध प्रारम्भिक विश्लेषणअनुसार यो घटना सामान्य वर्षाजन्य बाढी वा परम्परागत हिमताल विस्फोट मात्र होइन । उच्च हिमाली भागबाट ठुलो परिमाणमा चट्टान र बरफ खसेर तीव्र गतिमा तल आयो । त्यसले खोला अस्थायी रूपमा थुन्यो । थुनिएको पानी र भग्नावशेष एकाएक बाहिरिँदा ठुलो बाढी आयो । यसलाई हिमचट्टान पहिरोबाट सुरु भएको जोखिमको शृंखलाका रूपमा बुझ्न सकिन्छ । अर्थात्, हिमचट्टान खस्नु, नदी अस्थायी रूपमा थुनिएर जम्मा भई अवरोध भत्किएर भग्नावशेषसहित आकस्मिक बाढी आउनु । जलवायु परिवर्तनसँगको सम्बन्धबारे दुई तहमा बुझ्नुपर्छ । पहिलो, विश्वव्यापी आवश्यक हुन्छ । पृष्ठ २ मा

सुन्वी मास्के
हिम तथा जलवायु अनुसन्धानकर्ता (इसिमोड)

छताछुल्ल रास्वपाभित्रको असन्तुष्टि

ग्यास अभावमा 'सरकार के हेरेर बसेको छ ?' भन्ने प्रश्नदेखि 'सामान्य डेलिभरी दिन सक्दैनौं भने परिवर्तनको के काम ?' भन्नेसम्मका प्रश्न सत्तारुढ दलका सांसदले नै गर्न थालेका हुन् ।

दिवाकर अधिकारी/**मध्यान्ह**
काठमाडौं, २५ भदौ

बिहीबार प्रतिनिधिसभामा बोल्दै सत्तारुढ दल रास्वपाका सांसद बोधनारायण श्रेष्ठले ग्यासको अभाव भएको विषयमा सरकारको ध्यानाकर्षण गराए ।

निवर्तमान उद्योगमन्त्री गौरीकुमारी यादवले ग्यास संकटबारे संसदीय समितिमा दिएको अभिव्यक्ति आफूले तीनपटक सुनेको उनले बताए । कर्मचारीहरूले समस्या समाधान गर्न प्रयास गरिरहेको सुने पनि बजारमा भने समस्या झन् गम्भीर बन्दै गएको भनेर उनले सरकारको ध्यानाकर्षण गराएका हुन् । 'ग्यासको समस्या उस्तै छ । झन् अप्ठ्यारो स्थितिमा गइराखेको छ,' उनले भने ।

ग्यास अभावकै विषयलाई लिएर रास्वपा सांसद हरिमोहन भण्डारीले प्रतिनिधिसभाअन्तर्गतको उद्योग समितिको सदस्य पदबाट राजीनामा दिने घोषणा गरेका छन् । जनतालाई सामान्य ग्याससमेत उपलब्ध गराउन नसकेको अवस्थामा आफू समितिमा बसेर काम गर्न नैतिक रूपमा नमिल्ने उनको तर्क थियो । 'अहिले राज्यमा ग्यास पनि दिन सकेका छैनौं । बोकेर पनि दिनुपर्छ, बाटो बिग्रेको ठाउँमा । डेलिभरी दिनुपर्ने हाम्रो दायित्व हो,' उनले भने, 'सामान्य डेलिभरी पनि दिन सक्दैनौं भने पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसिया सिन्डिकेटको विषय संसद् प्रवेश

मध्यान्ह संवाददाता
काठमाडौं, २५ भदौ

मलेसिया रोजगारीमा एकाधिकार (सिन्डिकेट) भित्र्याउन लागेको विषय प्रतिनिधिसभामा प्रवेश गरेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत मुख्य २५ र उनीहरू प्रत्येक मातहत १० म्यानपावर कम्पनी रहने मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)को तयारीविरुद्ध पहल गरिरहेका बेला बिहीबार प्रतिनिधिसभाको बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक निश्चल राईले उक्त विषय प्रवेश गराएका हुन् । लामो समयदेखि चर्चामा रहेको मलेसियाको एफडब्लुसिएमएसको तयारीबारे संसद्मा बिहीबार पहिलोपटक आवाज उठेको हो ।

सांसद राईले मलेसियाको एफडब्लुसिएमएसले गरेको तयारी नेपालको संविधान, प्रतिस्पर्धा तथा बजार प्रवर्धन ऐन र वैदेशिक रोजगार ऐनसमेतको विपरीत रहेको बताए ।हार्वर्ड बिजनेस स्कुलका माइकल ई. पोर्टरले सन् १९७९ मा हार्वर्ड बिजनेस रिभ्युमा प्रकाशित गरेको लेख उद्धृत गर्दै सांसद राईले स्वस्थ प्रतिस्पर्धाविरुद्धका गतिविधिमाथि सरकारले छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्ने माग गरे । उनले भने, 'लाइसेन्स दिँदा सबै बराबर, रोजगारी आउँदा केही मात्रै बराबर ? यो समानता होइन । २४ वा २६ किन भएन ? किन २५ भयो ? २५ छान्ने मापदण्ड के हो ? बंगलादेशमा असफल भएको प्रणाली नेपालमा लगाउन २५ म्यानपावर कसले छान्यो ? किन छान्यो ? गलत तरिकाले गरिएको पृष्ठ २ मा

भिजन एन्ड भ्यालुको पहलमा साढे ३० लाख सहयोग

काठमाडौं/**मस-** कम्पास कतारले रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नेपाली नागरिकका लागि २० हजार अमेरिकी डलर (३० लाख ४४ हजार रुपैयाँ बराबर)को सहयोग गरेको छ ।

कम्पास कतारले नेपालमा आफ्नो साझेदार संस्था तथा अग्रणी म्यानपावर कम्पनी भिजन एन्ड भ्यालु ओभरसिज प्रा.लि.मार्फत बिहीबार उक्त रकमको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेको छ । अर्थमन्त्री डा. वाग्लेले नेपालमा उत्पन्न विपत्तिको अवस्थामा मानवीय सेवाका लागि कम्पास पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कभर स्टोरी

हिमालमा हलचल, किनारामा जोखिम



इसिमोडकी हिम तथा जलवायु अनुसन्धानकर्ता सुन्वी मास्के भन्छिन्, 'अवरोध भत्किँदा वा पानीले नाघ्दा भग्नावशेषसहित आकस्मिक ठुलो बाढी आएको देखिन्छ ।'

यसलाई हिम-चट्टान पहिरोबाट सुरु भएको एउटा घटनाले अर्को घटना निम्त्याउने जोखिमको शृंखलाका रूपमा बुझ्नुपर्ने बताउँछिन् ।

हिमतालको भय

इसिमोड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको अध्ययनले नेपाल, तिब्बत र भारतमा तीन हजार ६२४ हिमताल पहिचान गरेको छ । तीमध्ये २,०७० नेपालमा, १,५०९ तिब्बतमा र ४५ भारतमा छन् । सबै हिमताल जोखिमयुक्त भने होइनन् । अध्ययनले ४७ वटा सम्भावित जोखिमयुक्त हिमताल पहिचान गरेको छ । तीमध्ये नेपालमा २१, तिब्बतमा २५ र भारतमा एउटा छन् । जोखिमयुक्त हिमतालमध्ये ४२ वटा कोशी बेसिनमै छन् ।

अध्ययनले यीमध्ये ३१ वटालाई सबैभन्दा उच्च जोखिमको श्रेणीमा राखेको छ । जोखिम घटाउन नियमित निगरानी, जोखिम मूल्यांकन र पूर्वसूचना प्रणाली आवश्यक रहेको अध्ययनको निष्कर्ष छ । नेपालका लागि जोखिम नेपालभित्र मात्र छैन । कोशी बेसिनका सम्भावित खतरनाक हिमतालमध्ये २२ वटा तिब्बतमा र १८ वटा नेपालमा छन् । तिब्बततर्फको घटनाले नेपालको नदी प्रणालीमा सीधा असर पार्न सक्ने कारण यही हो ।

अध्ययनले हिमताल मात्र गनेर जोखिम तोकेको होइन । तालको अवस्था, त्यसलाई थामेको बाँध, सम्बन्धित हिमनदी र वरपरको भूस्वरूपका आधारमा सम्भावित खतरनाक ताल छुट्याइएको थियो । यसको अर्थ नेपालभित्र बनेका हिमतालबाट मात्र खतरा आउँदैन । सीमापार उच्च हिमाली क्षेत्रमा बनेका वा अस्थिर भएका ताल र हिमाली भूभागबाट आएको बहाव पनि नेपाली नदीमा पस्न सक्छ । जसरी भर्खरै तिब्बतबाट पश्चिम भोटेकोशीमा आकस्मिक बाढी आयो । कतिसम्म भने रसुवा, नुवाकोट र धादिङका नदीतटीय क्षेत्रका वासिन्दा पानी नपरेको भन्दै बाढी आउने पूर्वसूचना पत्याएका थिएनन् ।

भोटेकोशी बाढीले केही पुराना बुझाइ भत्काइदिएको छ । यसअघि हिमताल फुट्दा मात्र यस्ता आकस्मिक बाढी आउँछ भन्ने बुझाइ थियो । तर, यसपटक हिमताल नभए पनि हिमपहिरो आफैं बाढीको स्रोत बन्न सक्छ भन्ने पुष्टि गरेको छ । हिउँ र चट्टानको ठुलो भाग नदी वा खोलामा खस्दा त्यसले पानीको बहाव रोक्न सक्छ । त्यसरी बनेको तालबाट एकैपटक पानी र गेग्रान तल आउन सक्छ । यही प्रक्रिया भोटेकोशीमा भएको हुन सक्ने प्रारम्भिक अनुमान छ ।

नेपालमा यस्ता घटना नयाँ भने होइनन् । विज्ञहरूको अध्ययनले सन् २००३ को मादी र २०१२ को सेती बाढीको प्रकृति यसपटक दोहोरिएको हो । त्यहाँ पनि हिमपहिरो वा हिउँ जमेको क्षेत्रमा पहिरो गएर त्यससँगै पानी तथा गेग्रान तल आएको थियो । त्यसैले अब हिमतालसँगै हिमनदी, हिमपहिरो, चट्टानी ढलान र पर्माफ्रस्ट पनि जोखिमको कारण मान्नुपर्ने देखिन्छ ।

बढ्दो तापक्रमले हिमनदी पछाडि हट्ने, जमेको भूभाग ताल्ने वा पग्लिने तथा हिउँ र बरफको स्थिरता कमजोर हुने अवस्था सिर्जना गरिरहेको मास्के बताउँछिन् । 'चट्टानका चिराभित्र पानी पस्दा पनि उच्च हिमाली भिर पहिलेको तुलनामा अस्थिर बन्न सक्छ,' उनी भन्छिन्, 'तर भोटेकोशीको यो विशेष घटना जलवायु परिवर्तनकै कारण मात्र भएको हो भनेर अहिले नै ठोकुवा गर्न मिल्दैन । यसका लागि तापक्रम, वर्षा, हिमपग्लाइ, चट्टान, जमेको भूभाग र हिमनदीको अवस्थासहित थप अध्ययन आवश्यक छ ।'

हिमालयमा अस्थिरता

हिमाली जोखिममा प्राकृतिक भूगर्भिक प्रक्रिया पहिलेदेखि थियो । हिमालय आफैं निर्माण भइरहेको भूभाग हो । नदीले पहाड काटिरहेको हुन्छ । पहाड र ढलानमा निरन्तर परिवर्तन आइरहेको हुन्छ । त्यसमा जलवायु परिवर्तनले दबाब बढाएको छ ।

इसिमोडको अध्ययनले हिमनदीहरू बिसौं शताब्दीदेखि निरन्तर पग्लिँदै र खुम्चिँदै गएको र त्यसबाट नयाँ हिमताल बन्ने तथा पुराना हिमताल विस्तार हुने जोखिम बढेको बताएको छ । यही कारण हिमताल विस्फोटजन्य बाढीको खतरा बढिरहेको अध्ययनको निष्कर्ष छ ।

तापक्रम बढ्दै जाँदा पहिले हिउँले ढाकिएका उच्च हिमाली भागमा अहिले पानी पर्ने अवस्था देखिन थालेको छ । तातो मनसुनी पानी चट्टानका दरारभित्र पस्दा जमेको भूभाग अर्थात् पर्माफ्रस्ट कमजोर हुन सक्छ । यसले हिमपहिरो र चट्टान खस्ने जोखिम बढाउन सक्छ । भूगर्भविद् श्रीकमल द्विवेदी हिमरेखा माथिमाथि सर्दै जाँदा हिउँ पग्लिने र हिमाली चट्टानभित्र पानी छिर्ने क्रम बढेको बताउँछन् । 'जलवायुको देखिने असर नै यही हो । हिमरेखा माथि सर्दै जाँदा हिमालमा धेरै फेरबदल आइरहेको छ,' उनी भन्छन्, 'हिमालमा हलचल स्वाभाविक भए पनि जलवायु परिवर्तनले त्यसको गति बढाएको छ । चट्टान मक्किने र हिम-चट्टान पहिरो जाने क्रम बढाएको छ ।'

जलवायु परिवर्तनले पृथ्वीको तापक्रम मात्र बढाउने छैन, हिमाली भूभागको स्थिरता नै बदलिरहेको छ । यसले हिमालय क्षेत्रमा हलचल आइरहेको देखाउँछ । तर, एउटै घटनाबाट सम्पूर्ण हिमालय अस्थिर भइसकेको निष्कर्ष निकाल्नु उचित नहुने बताउँछिन्, अनुसन्धानकर्मी मास्के । 'हिमताल मात्र होइन, हिम-चट्टान पहिरो, जमेको भूभाग पग्लिनु, नदी थुनिनु र त्यसपछि आउने आकस्मिक बाढीजस्ता जोखिमलाई पनि गम्भीरतापूर्वक हेर्नुपर्छ,' उनी भन्छिन्, 'तापक्रम बढ्दा चट्टानका चिराभित्रको बरफ कमजोर वा पग्लिन सक्छ र पानी चिराभित्र गहिरोसम्म पुग्न सक्छ ।' हिमनदी पछाडि हट्दा पहिले बरफले दिएको चट्टानी भिरको आड घट्न सक्ने भएकाले केही स्थानमा दीर्घकालीन ढलान अस्थिरता बढ्न सक्ने उनको बुझाइ छ ।

बर्सेनि हिमाली क्षेत्रमा जोखिम बढ्दै जान थालेपछि यसमा विशेष निगरानीको खाँचो छ । हिमताल मात्र होइन, अस्थिर हिमनदी, हिम-चट्टान पहिरो सम्भावित भिर, जमेको भूभाग र नदी थुनिन सक्ने साँघुरा उपत्यकालाई एउटै बहुजोखिम मूल्यांकनमा समेट्नुपर्ने देखिन्छ । 'उच्च प्राथमिकताका स्थानमा उपग्रह, क्यामेरा, मौसम केन्द्र, जमिनको चाल, भूकम्पीय संकेत र नदीको जलसतह मापनलाई सम्भव भएसम्म एकीकृत गर्नुपर्छ', अनुसन्धानकर्मी मास्के भन्छिन्, 'खतरा पत्ता लागेपछि सूचना स्थानीय सरकार, सुरक्षा निकाय, जलविद्युत् आयोजना र समुदायसम्म केही मिनेटभित्र पुग्ने व्यवस्था चाहिन्छ ।'

धेरै हिमाली नदी सीमापारबाट आउने भएकाले नेपाल-चीनलगायत आवश्यक क्षेत्रीय संयन्त्रमार्फत सूचना शीघ्र आदानप्रदान गर्नुपर्ने विज्ञहरू बताउँछन् ।

जोखिम पहिचान गरेर निरन्तर निगरानी गरे विपद्बाट जोगिन सकिन्छ भन्ने उदाहरण नेपालकै छो-रोल्पा हिमतललाई लिन सकिन्छ । जहाँ नेपालले डेढ दशकअघि नै हिमतालजन्य विपद् जोखिम न्यूनीकरणको सफल उदाहरण पेस गरेको पनि छ । हिउँ पग्लिएर हिमताल फुट्ने अवस्थामा पुगिसकेको थियो । सन् २००९ मा तालको पानीको सतह घटाएर जोखिम कम गरियो । ताल फुटेर तल्लो तटीय बस्तीमा ठुलो बाढी आउन सक्ने जोखिम पहिचान भएपछि कृत्रिम निकासमार्फत तालको पानीको सतह करिब ३ मिटर घटाइएको थियो । यसले ताल फुट्ने सम्भावित जोखिम घटाउनुका साथै तल्लो क्षेत्रमा रहेका बस्ती, सडक र जलविद्युत् संरचनाको जोखिम पनि कम गऱ्यो । भूगर्भविद् द्विवेदी पनि विपद् व्यवस्थापनमा ध्यान नदिए नेपाल यसैको दुश्चक्रमा फस्ने बताउँछन् । 'हिमाली विपद् अझै सकिएको छैन । विपद् व्यवस्थापन गर्न नसके हामी माथि उठ्न सक्दैनौं,' उनी भन्छन्, 'हामीले जापानबाट सिक्नुपर्छ । विपद् व्यवस्थापन गरेर उसले आफ्नो समृद्धि सम्हालेको छ ।'

वातावरण वैज्ञानिक डा. रोहिणी देवकोटा जलवायु परिवर्तनसँगै हिमाली क्षेत्रमा विपत्तिको स्वरूप बदलिँदै गएकाले विपत्तिको पूर्वानुमान सधैं घण्टौंअघि सम्भव नहुन सक्ने बताउँछन् । 'नेपालले पाँच मिनेटभित्र सूचना, निर्णय र प्रतिकार्य सुरु गर्न सक्ने बहुजोखिम पूर्वसूचना प्रणाली विकास गर्नुपर्छ', उनी भन्छन् ।

'ठुलो बाढी आउन हिमताल नै फुट्नुपर्दैन'

सुन्वी मास्के
हिम तथा जलवायु अनुसन्धानकर्ता (इसिमोड)

बनावट तथा सम्भावित अन्य कारणको संयुक्त अध्ययन के यसले हिमालय अस्थिर बन्दै गएको भन्न सकिन्छ ?

एउटै घटनाबाट सम्पूर्ण हिमालय अस्थिर भइसकेको निष्कर्ष निकाल्नु उचित हुँदैन । तर यो घटनाले तीव्र रूपमा बदलिँदै गएको हिमाली वातावरणमा हामीले हिमताल मात्र होइन, हिम-चट्टान पहिरो, जमेको भूभाग पग्लिनु, नदी थुनिनु र त्यसपछि आउने आकस्मिक बाढीजस्ता संयुक्त जोखिमलाई पनि गम्भीरतापूर्वक समेट्नुपर्ने स्पष्ट संकेत दिएको छ ।

यस्तो जोखिम नेपालका कुन क्षेत्रमा बढी देखिन्छ ?

यस्ता जोखिमलाई जिल्लाको सीमाले भन्दा उचाइ, तापक्रम, भिरको ढलान, चट्टानको बनावट, हिमनदी र जमेको भूभागको सम्भावित उपस्थितिले निर्धारण गर्छ । सामान्यत: अत्यन्त ठाडा चट्टानी भिर भएका उच्च हिमाली क्षेत्र, हालै हिमनदी हटेर खुला भएका चट्टानी भित्ता, चट्टानका चिरामा बरफ जमेका भूभाग बढी संवेदनशील हुन सक्छन् । त्यस्तै, माथि सर्दै गएका हिमनदीमाथि ठुलो पहिरो खस्न सक्ने ढलान, साँघुरा उपत्यका, जहाँ पहिरोले नदी सजिलै थुन्न सक्छ । भूकम्प, हिमपग्लाइ र तीव्र वर्षाबाट पहिले नै कमजोर भएका भिर र जोखिमको स्रोतको तलतिर बस्ती, सडक वा जलविद्युत् पूर्वाधार भएका क्षेत्र बढी जोखिममा छन् ।

के तिनको पहिचान र निगरानी भइरहेको छ ?

नेपालमा केही महत्वपूर्ण काम भइरहेका छन् । उपग्रहका तस्बिरबाट हिमनदी र हिमतालको सूची बनाउने तथा तिनमा भइरहेको परिवर्तनको अध्ययन गर्ने काम भइरहेको छ । सम्भावित जोखिमयुक्त हिमतालको प्राथमिकता निर्धारण गरिएको छ । केही क्षेत्रमा स्वचालित मौसम तथा जलमापन केन्द्र छन् ।

चुनिएका स्थानमा हिमनदी, जमिनको तापक्रम र जमेको भूभागसम्बन्धी अनुसन्धान भइरहेको छ । नदीको बहाव र जलसतह पनि अनुगमन गरिँदै आएको छ । छो रोल्पा र इम्जाजस्ता क्षेत्रमा पूर्वसूचना तथा जोखिम न्यूनीकरणका काम भएका छन् ।

ठुलो घटना भएपछि उपग्रहका तस्बिर, भूकम्पीय संकेत र नदीसम्बन्धी तथ्यांकको संयुक्त विश्लेषण पनि गरिन्छ । तर हिमतालको तुलनामा हिम-चट्टान पहिरो र जमेको भूभागसम्बन्धी व्यवस्थित राष्ट्रिय निगरानी अझै सीमित छ । नेपालभरका सबै ठाडा भिरमा जमिनमा उपकरण राख्नु व्यावहारिक वा आर्थिक रूपमा सम्भव हुँदैन । त्यसैले पहिले उपग्रह तथा भू-आकृतिक तथ्यांकबाट सम्भावित जोखिम क्षेत्र पहिचान गर्ने र त्यसपछि उच्च प्राथमिकताका सीमित स्थानमा विस्तृत निगरानी गर्ने व्यवस्था उपयुक्त हुन्छ । हामीले निगरानी सुरु गरेका छौं । तर हिमतालकेन्द्रित प्रणालीबाट बहुजोखिमयुक्त हिमाली निगरानीतर्फ विस्तार गर्न अझ धेरै काम आवश्यक छ ।

आगामी दिनमा पनि आकस्मिक बाढीको जोखिम बढ्ने खतरा कति छ ?

उच्च हिमाली चट्टान बाहिरबाट ठोस देखिए पनि त्यसमा प्राकृतिक चिरा र कमजोर सतह हुन्छन् । चिसो क्षेत्रमा ती चिराभित्रको बरफले कहिलेकाहीँ चट्टानका खण्डलाई जोडेर राख्न सहयोग गर्छ । तापक्रम बढ्दा चट्टानका चिराभित्रको बरफ ताल्न, कमजोर हुन वा पग्लिन सक्छ । पहिले बरफले जोडिएका चट्टानबीचको पकड कम हुन सक्छ । पग्लिएको पानी चिराभित्र गहिरोसम्म पुग्न सक्छ । पानी जम्ने र पग्लिने क्रमले चिरा क्रमश: फराकिलो बनाउन सक्छ । पानीको दबाब बढ्दा कमजोर सतहमा चिप्लिने सम्भावना पनि बढ्न सक्छ । तर जमेको भूभाग पग्लँदैमा पहिरो अनिवार्य रूपमा जान्छ भन्ने होइन । चट्टानको संरचना, भिरको कोण, चिराको दिशा, पानीको उपलब्धता र पुरानो भूगर्भीय कमजोरी पनि निर्णायक हुन्छन् ।

हिमनदी माथि सर्दै जाँदा के हुन्छ ?

हिमनदीले कहिलेकाहीँ छेउको चट्टानी भिरलाई भौतिक आड दिएको हुन्छ । हिमनदी पातलो भएर पछाडि हट्दा त्यो घट्न सक्छ । यसलाई हिमनदी हटेपछि ढलानमा आउने असन्तुलनका रूपमा बुझ्न सकिन्छ । साथै, पहिले बरफले ढाकिएको चट्टान खुला भएर तापक्रम र पानीको प्रत्यक्ष प्रभावमा आउँछ । यसले केही स्थानमा दीर्घकालीन रूपमा ढलान अस्थिरता बढाउन सक्छ ।

वर्षाको स्वरूप परिवर्तनले कस्तो असर गर्छ ?

वर्षा धेरै भयो कि थोरै भन्ने मात्र महत्वपूर्ण होइन । कुन उचाइमा, कति तीव्र, कति समय र हिउँ वा पानी कुन रूपमा पऱ्यो भन्ने पनि महत्वपूर्ण हुन्छ । छोटो समयमा परेको तीव्र वर्षाले चिरा र कमजोर ढलानमा पानीको दबाब बढाउन सक्छ । पहिले हिउँ पर्ने उचाइमा पानी पर्न थालेमा हिउँ छिटो पग्लिन सक्छ । वर्षासँगै भएको हिउँ पग्लाइले नदीको बहाव बढाउन सक्छ । पहिरो वा अस्थायी बाँध फुट्दा नदीमा पहिल्यै धेरै पानी भए बाढीको प्रभाव अझ ठुलो हुन सक्छ । अत्यधिक हिमपातले अस्थिर भिर वा हिमनदीमा थप भार पनि दिन सक्छ ।

भविष्यको जोखिम कस्तो देखिन्छ ?

आगामी वर्षमा नेपालका सबै स्थानमा वा हरेक वर्ष यस्तो घटना बढ्छ भनेर ठ्याक्कै भन्न सकिँदैन । ठुला हिम-चट्टान पहिरो विरल र जटिल घटना हुन् । तिनको विश्वसनीय प्रवृत्ति निर्धारण गर्न पर्याप्त दीर्घकालीन तथ्यांक अझै सीमित छ । तर वैज्ञानिक रूपमा केही प्रवृत्ति चिन्ताजनक छन् । हिमनदी पछाडि हट्ने र पातलो हुने क्रम जारी छ । नयाँ हिमताल बन्ने र केही पुराना ताल विस्तार हुने सम्भावना छ । जमेको भूभाग भएका उच्च हिमाली क्षेत्र तातिरहेका छन् । केही क्षेत्रमा हिमपग्लाइ र चरम वर्षाको स्वरूप परिवर्तन हुँदै छ । अर्कोतर्फ सडक, जलविद्युत् आयोजना तथा बस्ती जोखिमयुक्त नदी करिडोरमा विस्तार भइरहेका छन् । त्यसैले भविष्यमा घटना घट्ने सम्भावना मात्र होइन, जोखिममा पर्ने बस्ती र पूर्वाधारको संख्या तथा सम्भावित क्षति पनि बढ्न सक्छ ।

सबै प्रकारका हिमाली पहिरो समान दरमा बढ्नेछन् भन्ने निश्चित छैन । तर तापक्रम बढ्दै गएको अवस्था, बदलिँदो हिमाली वातावरण र नदीको तल्लो क्षेत्रमा बढ्दो मानवीय गतिविधिका कारण केही स्थानमा एकपछि अर्को घटना जोडिएर आउने आकस्मिक बाढीको समग्र जोखिम बढ्न सक्ने बलियो वैज्ञानिक आधार छ ।

नेपालको पूर्वसूचना प्रणाली हिमताल फुट्ने जोखिमका लागि मात्र पर्याप्त छ ?

हिमताल फुट्ने जोखिमका लागि मात्र केन्द्रित पूर्वसूचना प्रणाली अब पर्याप्त हुँदैन । भोटेकोशी र भारतको चमोलीमा भएका घटनाले ठुलो बाढी आउन हिमताल नै फुट्नुपर्छ भन्ने छैन भन्ने देखाएका छन् । हिम-चट्टान पहिरोले नदी थुन्न सक्छ, ठुलो मात्रामा भग्नावशेष बगाउन सक्छ वा आफैं पानी र बरफसँग मिसिएर तीव्र गेग्रान बहाव बनाउन सक्छ । त्यसैले पूर्वसूचना प्रणालीले यी घटनाको क्रमिक संयोजनलाई समेट्नुपर्छ ।

स्रोत क्षेत्रमा पहिरो खस्ने ठ्याक्कै समय पहिले नै बताउन सधैं सम्भव हुँदैन । त्यसैले पूर्वसूचनाका दुई तह आवश्यक छन् । पहिलो, स्रोत क्षेत्रमा निगरानी । सम्भावित चिरा, सतहको गति, हिमनदीको चाल, जमिनको तापक्रम र अन्य अस्थिरताको निगरानी गर्नुपर्छ ।

दोस्रो, तल्लो क्षेत्रमा जोखिम पत्ता लगाउने प्रणाली । नदीको जलसतह, बहाव, कम्पन र आकस्मिक परिवर्तन पत्ता लगाई बाढी आउनुअघि सम्भव भएसम्म छिटो सूचना पठाउनुपर्छ ।

अब तत्काल गर्नुपर्ने मुख्य तीन काम के हुन् ?

पहिलो, राष्ट्रिय बहुजोखिम क्षेत्र पहिचान र प्राथमिकता निर्धारण । हिमताल मात्र होइन, अस्थिर हिमनदी, हिमचट्टान पहिरो सम्भावित भिर, जमेको भूभाग भएका क्षेत्र र नदी थुनिन सक्ने साँघुरा उपत्यकालाई एउटै राष्ट्रिय मूल्यांकनमा समेट्नुपर्छ ।

उपग्रह तस्बिर, भूआकृतिक तथ्यांक, हिमनदी तथा हिमतालको सूची, भिरको ढलान, भूगर्भ, जमेको भूभागको सम्भावना, नदी प्रणाली र तल्लो क्षेत्रमा रहेका बस्ती तथा पूर्वाधारलाई जोडेर प्राथमिकता सूची बनाउन सकिन्छ । त्यसपछि अत्यन्त जोखिमयुक्त सीमित स्थानमा विस्तृत स्थल अध्ययन र उपकरण जडान गर्नुपर्छ ।

दोस्रो, स्रोतदेखि समुदायसम्म जोडिएको बहु-तह पूर्वसूचना प्रणाली । उच्च प्राथमिकताका क्षेत्रमा उपग्रह निगरानी, क्यामेरा, मौसम केन्द्र, जमिनको चाल मापन गर्ने उपकरण, भूकम्पीय संकेत र नदीको जलसतह मापनलाई सम्भव भएसम्म एकीकृत गर्नुपर्छ । तर उपकरणले खतरा पत्ता लगाउनु मात्र पर्याप्त हुँदैन । सूचना स्थानीय सरकार, सुरक्षा निकाय, जलविद्युत् आयोजना र समुदायसम्म केही मिनेटभित्र पुग्ने स्पष्ट प्रणाली चाहिन्छ ।

साइरन, मोबाइल सन्देश, रेडियो, स्थानीय सम्पर्क व्यक्ति र वैकल्पिक सञ्चार माध्यमसँगै नियमित सुरक्षित स्थानतर्फ जाने अभ्यास पनि आवश्यक हुन्छ । चेतावनीको भाषा पनि 'बाढी आउन सक्छ' भन्ने मात्र नभई कहाँ, कति समयभित्र र नागरिकले तत्काल के गर्नुपर्छ भन्ने स्पष्ट हुनुपर्छ । तेस्रो, जोखिमअनुकूल पूर्वाधार, भू-उपयोग र अन्तरदेशीय सूचना सहकार्य । जोखिमयुक्त नदी किनार, पुराना गेग्रान बहावका मार्ग र सम्भावित डुबान क्षेत्रमा नयाँ बस्ती तथा संवेदनशील पूर्वाधार राख्दा अद्यावधिक बहु-जोखिम मूल्यांकन अनिवार्य गरिनुपर्छ ।

पुराना संरचनाका लागि सुरक्षित स्थानतर्फ जाने मार्ग, खुला सुरक्षित ठाउँ र आकस्मिक सञ्चालन योजना तयार गर्नुपर्छ । धेरै हिमाली नदी सीमापारबाट आउने भएकाले मौसम, नदी, उपग्रह र सम्भावित नदी अवरोधसम्बन्धी तथ्यांक शीघ्र आदानप्रदान गर्ने नेपाल-चीन तथा आवश्यकताअनुसार अन्य क्षेत्रीय संयन्त्र पनि अत्यन्त महत्वपूर्ण हुन्छ ।

छताछुल्ल...

परिवर्तनको के काम ?'

भण्डारीले आफू उद्योग समितिमा रहेको उल्लेख गर्दै नैतिक जिम्मेवारीका आधारमा राजीनामा दिने घोषणा गरेका हुन् ।

ग्यास संकट व्यवस्थापन गर्न नसकेको आरोप खेपिरहेकै बेला उद्योगमन्त्री गौरीकुमारी यादवले पनि बिहीबार नै पदबाट राजीनामा दिइन् ।

मन्त्री यादवले बुधबार उद्योग समितिको बैठकमा ग्यास उद्योगीहरूलाई लक्षित गर्दै विवादास्पद अभिव्यक्ति दिएकी थिइन् । उनले ग्यास अभाव उद्योगीका कारण भएको दावी गर्दै उद्योगीको 'पाता नकसे'सम्म समस्या समाधान नहुने बताएकी थिइन् ।

उनले हाल सञ्चालनमा रहेका ५८ वटै ग्यास उद्योगको लाइसेन्स खारेज गर्नुपर्ने र देशमा दुईवटा उद्योग भए पुग्ने धारणा पनि राखेकी थिइन् ।

मन्त्रीको अभिव्यक्तिपछि ग्यास उद्योगीहरू असन्तुष्ट बनेका थिए । उनीहरूले प्रधानमन्त्रीसमक्ष समेत ध्यानाकर्षण गराएका थिए । यही विवादबीच मन्त्री यादवले राजीनामा दिएकी हुन् ।

तर ग्यास समस्या समाधान गर्ने उपाय भने सरकारले सुझाउन सकेको छैन । रास्वपा सांसद मधुकुमार चौलागाईं ग्यास अभावका कारण जनतासामु मुख देखाउन नसक्ने अवस्था बनेको बताउँछन् ।

बुधबार प्रतिनिधिसभाको बैठकमा उनले भोटेकोशी बाढीले ठुलो क्षति पुऱ्याएको उल्लेख गर्दै त्यसबाट सरकार र जनता अछुतो नरहेको बताए । तर, अर्कोतर्फ ग्यासको हाहाकारले आफूहरूलाई बजारमा मुख देखाउनसमेत अप्ठ्यारो भएको उनको भनाइ थियो ।

'भोटेकोशी बाढीले ठुलै वितण्डा मच्चायो । हामी त्यो कहरबाट अछुतो छैनौं,' उनले भने, 'अर्कोतर्फ हामीलाई ग्यासको हाहाकारको कारणले बजारमा अहिले मुख देखाउन नहुने अवस्था भएको छ । सरकार के हेरेर बसेको छ ?'

नेताहरूका अनुसार रास्वपाभित्रको असन्तुष्टि ग्यास अभावमा मात्र सीमित छैन । ग्यास अभावदेखि विपद् व्यवस्थापन, पुनर्निर्माण र सरकार सञ्चालनको शैलीसम्मका विषयमा रास्वपाका सांसदहरूले प्रतिनिधिसभामै असन्तुष्टि व्यक्त गर्न थालेका छन् ।

रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले सिंहदरबार र संसद् भवनको पुनर्निर्माणको गति सुस्त रहेको भन्दै रसुवा र नुवाकोटको पुनर्निर्माण समयमै हुनेमा प्रश्न उठाएका छन् ।

प्रतिनिधिसभामा बोल्दै उनले राज्यको केन्द्र र सार्वभौम संसद्को पुनर्निर्माण नै सुस्त रहेको अवस्थामा बाढी प्रभावित क्षेत्रका नागरिकले सरकारले पुनर्निर्माण सही दिशामा अघि बढाउँछ भनेर कसरी विश्वास गर्ने भन्ने प्रश्न गरे । 'राज्यको मुटु नै मानिने सिंहदरबार र सार्वभौम संसद्कै निर्माण गति यति धेरै सुस्त हुँदै गर्दा रसुवा र नुवाकोटका नागरिकले पुनर्निर्माण सही दिशामा हुन्छ भनेर कसरी विश्वास गर्ने ?' उनले प्रश्न गरे ।

आचार्यले निजी क्षेत्रले भदौ २४ को विध्वंसपछि आफ्ना व्यापारिक केन्द्रहरू छिट्टै उठाउन थालेको तर सिंहदरबार प्रवेश गर्दा राज्यको पुनर्निर्माणको गति फरक देखिने टिप्पणी गरेका थिए ।

यसअघि रास्वपाका सांसद अमरेशकुमार सिंहले त सरकार सञ्चालनको शैलीमै गम्भीर प्रश्न उठाएका छन् । उनले प्रतिनिधिसभामा बोल्दै प्रधानमन्त्रीको सचिवालयको भूमिका बढेको र मुलुकको प्रधानमन्त्रीय शासन व्यवस्था 'सल्लाहकारको व्यवस्था'मा परिणत भएको टिप्पणी गरेका छन् । 'अहिले मैले बुझ्न सकेको छैन, मैले संविधान पल्टाएर हेर्दै थिएँ । हाम्रो संसदीय व्यवस्थामा प्रधानमन्त्रीय शासन व्यवस्था छ, तर यो प्रधानमन्त्रीय शासन व्यवस्था सल्लाहकारको व्यवस्थामा परिणत भएछ,' उनले भनेका थिए ।

सिंहले सरकारको केन्द्र सिंहदरबार हुनुपर्नेमा 'ज्वागल' बनेको आरोपसमेत लगाए । उनले प्रधानमन्त्रीको सचिवालयका व्यक्तिहरूको गतिविधि, कर्मचारीमाथिको दबाब र मन्त्रीलाई पक्राउ गर्न पठाइएको दाबीजस्ता गम्भीर आरोपसमेत संसद्मा उठाएका छन् ।

उनले सरकारलाई संविधानका चार आधार गणतन्त्र, संघीयता, समावेशिता र धर्मनिरपेक्षतामाथि प्रहार नगर्न पनि चेतावनी दिएका थिए । अर्थात्, कसैले ग्यासको अभावलाई लिएर सरकारलाई प्रश्न गरेका छन्, कसैले पुनर्निर्माणको गति र विपद् व्यवस्थापनमा कमजोरी औंल्याएका छन् भने कसैले सरकार सञ्चालनको शैलीमै प्रश्न उठाएका हुन् ।

ग्यास अभावमा 'सरकार के हेरेर बसेको छ ?' भन्ने प्रश्नदेखि 'सामान्य डेलिभरी दिन सक्दैनौ भने परिवर्तनको के काम ?' भन्ने प्रश्नसम्म सत्तारुढ दलका सांसदहरूले नै गर्न थालेका हुन् । यससँगै सरकारले विपक्षीको आलोचना व्यवस्थापन गर्नु मात्र होइन, आफ्नै सांसदले उठाएका प्रश्नको जवाफ दिनुपर्ने भएको छ ।

मलेसिया...

लगानी तथा हुण्डीलगायतका विषयमा छानबिन गरी दोषीलाई कारबाही गरियोस् ।'

नेपाली कांग्रेसको शुभेच्छुक संस्थाका रूपमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका महासचिव सुमनराज पाण्डेले सिन्डिकेटविरुद्ध सशक्त रूपमा आन्दोलनमा उत्रिने एसोसिएसनको निर्णयअनुसार मलेसिया सिन्डिकेटबारे पार्टी सभापति गगनकुमार थापा, संसदीय दलका नेता भीष्मराज आङदेम्बे तथा सचेतक राईसँग छलफल भएको बताए । उक्त छलफलपछि बिहीबार राईले प्रतिनिधिसभामा सो विषय उठाएका हुन् । केही दिनपछि संसदीय दलका नेता आङदेम्बेले पनि मलेसिया सिन्डिकेटविरुद्ध संसद्मा धारणा राख्ने आश्वासन दिएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले एफडब्लुसिएमएसमा नेपालका २७५ म्यानपावर कम्पनीको नाम दर्ता भएको सम्बन्धमा बुधबार श्रम मन्त्रालयको ध्यानाकर्षण गराएको थियो ।

मलेसियाको एफडब्लुसिएमएस प्रणालीमा नाम रहेका २७५ म्यानपावर कम्पनीमध्ये करिब १७० म्यानपावर कम्पनीका सञ्चालकलाई संघमा बोलाएर सिन्डिकेटमा सहभागी नहुने, आफूलाई सब-एजेन्टका रूपमा राख्ने म्यानपावर कम्पनीविरुद्ध उजुरी गर्ने र एफडब्लुसिएमएसविरुद्ध पनि कानुनी प्रक्रियामा जाने कागज गराएको संघका तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलले बताए ।

संघले सूचीकृत कम्पनीले आफू निर्दोष भए सो प्रणालीमा नाम राखिदिने संस्थाविरुद्ध कानुनी प्रक्रिया अगाडि बढाउनुपर्ने बताएको छ । संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले सिन्डिकेटमा लाग्ने जोसुकै भए पनि कारबाही हुने बताएका छन् ।

भिजन...

कतारले प्रदान गरेको सहयोग स्मरणीय रहेको भन्दै धन्यवाद र आभार व्यक्त गरे ।

कम्पास कतारले प्रभावित समुदायसँग सहयोग र ऐक्यबद्धताको सानो संकेतका रूपमा उक्त रकम योगदान गर्न पाउँदा खुसी लागेको बताएको छ ।

सहयोग रकम हस्तान्तरणका लागि नेपाल आएका कम्पनी सञ्चालक हदम अलावीले यस कठिन समयमा आफूहरू नेपालको साथमा रहेको भन्दै बाढीबाट प्रभावित नेपाली जनतालाई सहयोग गर्न पाउँदा खुसी लागेको बताए । उनले कम्पनीले प्रदान गरेको रकम बाढी प्रभावित क्षेत्रमा प्रभावितहरूको स्वास्थ्य, शिक्षा, मेडिकल, तालिम, आवासजस्ता विषयमा सदुपयोग होस् भन्ने चाहेको पनि उल्लेख गरे ।

विशेषगरी हस्पिटालिटी सेक्टरमा नेपालबाट जनशक्ति लैजाने उक्त कम्पनीमा हाल पनि १ हजार ४ सयभन्दा बढी नेपालीले काम गरिरहेको अलावीले बताए । उक्त कम्पनीमा नेपालसहित ५० देशका श्रमिकले काम गरिरहेका छन् । कम्पनीमा नेपालीले गरेको योगदान उच्च रहेको पनि अलावीले उल्लेख गरे ।

सहायता हस्तान्तरण कार्यक्रममा भिजन एन्ड भ्यालुका सञ्चालक पदमराज पौडेल, म्यानपावरका कार्यकारी निर्देशक अनिल पन्थी, कम्पास कतारका रिलेसन तथा रिक्रुटमेन्ट सुपरभाइजर बिजोलगायतको उपस्थिति रहेको थियो । भिजन एन्ड भ्यालुले यसअघि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्राइम बैंकमार्फत १ लाख ५० हजार रुपैयाँ नगद तथा एक गाडी खाद्यान्न सहयोग गरेको थियो ।

पैसा नहुँदा अस्पतालले भर्ना लिएन, गेटबाहिरै बच्चा जन्माइन्

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २५ भदौ

रातको करिब दुई बजेको समय । राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालको गेटबाहिर एक महिला प्रसव पीडाले छट्पटाइरहेकी थिइन् । अस्पतालको छेउकै गल्लीमा पीडा सहन नसकेपछि उनले चिर्पटको सहारामा घुँडा टेकेर बच्चा जन्माइन् । एक महिलाले उनलाई पछाडिबाट समातेर सहयोग गरिरहेकी थिइन् भने अर्कीले सघाइरहेकी थिइन् । घटनाको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि अस्पतालको सेवा प्रवाहमाथि प्रश्न उठेको छ । राजविराज नगरपालिका-१४ पर्साहीका हरेराम पासवानकी श्रीमती बबिता पासवानले बुधबार बिहान अस्पतालको गेटबाहिर बच्चा जन्माएकी हुन् । मंगलबार राति साढे एक बजे प्रसव व्यथा लागेपछि हरेरामले बबितालाई दुई जना सासू नाता पर्ने महिलासहित सिटी रिक्सामा अस्पताल पुऱ्याएका थिए ।

अस्पताल पुगेपछि चिकित्सकले बबिताको स्वास्थ्य परीक्षण गराउन भने । परीक्षणका क्रममा सुरुमा तीन हजार रुपैयाँ जम्मा गर्न भनिएको हरेरामले बताए । आफूसँग तत्काल पैसा नभएको भन्दै उनले बिहान रकम जम्मा गर्ने बताएका थिए ।

तर अस्पतालमा रकम जम्मा नभएसम्म बिरामी भर्ना गर्न नमिल्ने र पैसा बुझाएको बिल नल्याएसम्म उपचार नहुने भनिएको हरेरामको भनाइ छ । त्यसपछि उनी श्रीमतीलाई लिएर अस्पतालबाट बाहिरिएका थिए । प्रसव पीडाले छट्पटाइरहेकी बबिता

अस्पतालको गेटसम्म पुगेपछि भने अघि बढ्न सकिनन् । गेटकै छेउमा बसेर उनले करिब दुई घण्टा प्रसव पीडा सहिन् । बिहान करिब ४ बजे उनले बच्चा जन्माइन् ।

यसअघि तीन सन्तान जन्माइसकेकी बबिताले यसपटक कुनै स्वास्थ्य जाँच नगरी बच्चा जन्माएकी बताएकी छन् ।

सरकारले सरकारी तथा निजी अस्पतालमा विपन्न तथा गरिबका लागि १० प्रतिशत शय्या छुट्याउने कानुनी व्यवस्था गरेको छ । संघीय सरकारअन्तर्गतको अस्पतालको गेटबाहिरै प्रसूति हुनुपरेको घटनाले सामाजिक सञ्जालदेखि सदनसम्म प्रश्न उठेको छ ।

अस्पताल भन्छ– भर्ना गरिएको थियो

अस्पतालले भने बबितालाई प्रारम्भिक स्वास्थ्य परीक्षणपछि प्रसूति वार्डको बेड नं. २४ मा भर्ना गरिएको जनाएको छ । अस्पतालको प्रारम्भिक अभिलेखअनुसार बुधबार बिहान करिब २ बजे प्रसवको सुरुवाती अवस्थामा ३० वर्षीया बबिता कुमारी पासवान अस्पताल पुगेकी थिइन् । आवश्यक जाँचसम्बन्धी कुनै रिपोर्ट नभएकाले अत्यावश्यक जाँच गर्न सुझाव दिइएको अस्पतालको भनाइ छ । तर त्यसपछि बबिता र उनका कुरुवा अस्पतालले उपलब्ध गराएको शय्यामा नरहेको अस्पतालले जनाएको छ । बिहान करिब ४:४५ बजे अस्पतालको मूल गेटबाहिर प्रसूति भएको जानकारी प्राप्त भएको अस्पतालको भनाइ छ ।

प्रसूति भएपछि आमा र बच्चा सालसहित पुनः प्रसूति वार्डमा आएको अस्पतालले जनाएको छ । ड्युटीमा रहेका स्वास्थ्यकर्मीले नाल काटेर आवश्यक स्याहार तथा उपचारका लागि अस्पतालमै रहन पटक-पटक आग्रह गरे पनि उनीहरू अस्पतालबाट बाहिरिएको प्रारम्भिक विवरण रहेको अस्पतालले जनाएको छ ।

हाल बबिता र नवजात शिशु दुवै बेड नं. २२ मा भर्ना छन् । दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ । अस्पतालले आमा र बच्चाको आवश्यक उपचार, औषधि तथा स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने निर्णय गरेको छ ।

अस्पतालले घटनाको वास्तविक तथ्य पत्ता लगाउन आन्तरिक छानबिन अघि बढाउने जनाएको छ । छानबिनबाट दोषी देखिए कर्मचारी वा सम्बन्धित पक्षलाई प्रचलित कानुनअनुसार कारबाही गर्ने प्रतिबद्धता पनि जनाएको छ ।

मन्त्रालयले माग्यो स्पष्टीकरण

घटनाप्रति स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गम्भीर ध्यानाकर्षण जनाएको छ । मन्त्रालयले अस्पताल प्रशासनसँग स्पष्टीकरण माग्नुका साथै घटनाको सत्यतथ्य छानबिन गर्न टोली राजविराज पठाउने जनाएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले घटनाको छानबिनका लागि तत्काल टोली पठाइएको जानकारी दिएकी छन् । अस्पताल वा सम्बन्धित पक्षबाट गल्ती वा लापरबाही भएको देखिए प्रचलित कानुनअनुसार कारबाही गरिने उनले बताएकी छन् ।

मन्त्रालय र नेपाल मेडिकल काउन्सिलको टोली बिहीबारै राजविराज जाने भएको छ । काउन्सिलका रजिस्ट्रार डा. सुप्रभात श्रेष्ठ र एथिकल कमिटीका डा. अजय शाहसहित पाँच सदस्यीय टोली घटनाको स्थलगत छानबिनमा जानेछ । मन्त्रालयका तर्फबाट उपचारात्मक सेवा महाशाखाका प्रमुख डा. पवनजंग रायमाझी पनि टोलीसँगै जानेछन् ।

मन्त्रालयले स्वास्थ्य संस्थामा पुग्ने प्रत्येक नागरिकले समयमै उपचारसँगै सम्मानजनक र मानवीय व्यवहार पाउनुपर्ने जनाएको छ । घटनाको तथ्यगत अध्ययनपछि आवश्यक निर्णय लिइने मन्त्रालयले जनाएको छ ।

अस्पतालले पनि बाह्य छानबिन समिति गठन भए आवश्यक सूचना, कागजात र सहयोग उपलब्ध गराउने जनाएको छ । आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन प्रसूति सेवा व्यवस्थापन र सेवाग्राहीप्रतिको जवाफदेहिता थप सुदृढ बनाउने अस्पतालको प्रतिबद्धता छ ।

नेपाल संस्कृत विश्वविद्यालयको रेक्टरमा रेग्मी र रजिस्ट्रारमा कट्टेल नियुक्त

काठमाडौं/मस– सरकारले नेपाल संस्कृत विश्वविद्यालयको रेक्टर (शिक्षाध्यक्ष) र रजिस्ट्रार (कुलसचिव) नियुक्त गरेको छ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले रेक्टरमा प्राडा जगन्नाथ रेग्मीलाई र रजिस्ट्रारमा आफूलाई नियुक्त गरेका हुन् । प्रा.डा कट्टेलले आफूहरू नियुक्तिपत्र लिएर शपथका लागि दाङ जान लागेको जानकारी दिए ।

उक्त विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा.भीम खतिवडा यसअघि नै नियुक्त भइसकेका छन् । तीनैजना पदाधिकारी खुला प्रतिस्पर्धाबाट चयन भएका हुन् ।

सरकाले प्रा.डा. माधवशरण उपाध्यायको संयोजकत्वमा तीन सदस्यीय छनोट समिति गठन गरेको थियो । समितिले खुला प्रतिस्पर्धा गराएर तीन पदाधिकारीका लागि तीन-तीनजनाको नाम सिफारिस गरेको थियो ।

प्रवासी नेपाली मञ्च युरोपको अध्यक्षमा शालिकराम थपलिया, पोर्चुगल अध्यक्षमा नवीन थापा

भरत प्रधान/मध्यान्ह
लिस्बन, २५ भदौ

नेकपा एमालेको प्रवासी भ्रातृ संगठन प्रवासी नेपाली मञ्च युरोपको प्रथम अधिवेशन स्पेनको बार्सिलोनामा सम्पन्न भएको छ । अधिवेशनले आगामी तीनवर्षे कार्यकालका लागि शालिकराम थपलियाको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

जसको उपाध्यक्षमा विनोद

न्यौपाने, सचिवमा रविन कार्की र दुई उपसचिवमा गोविन्द सापकोटा र बाबाराजेश्वरी थापा चयन भएका छन् । यस्तै कार्यसमिति सदस्यमा तुलसीनाथ सुवेदी, कृष्ण भण्डारी, ईश्वर देवकोटा, तिलक भट्टराई, सुनिल रानाभाट, केदार थपलिया, केशवराज पाण्डे र शान्ति अर्याल चयन भएको मञ्चले जनाएको छ ।

अधिवेशनलाई नेकपा एमाले केन्द्रीय सचिव भानुभक्त ढकाल, पार्टीका केन्द्रीय सदस्य तथा युरोप इन्चार्ज सञ्जय थापा, केन्द्रीय सदस्य महेश बर्तौला, केन्द्रीय सदस्य आरसी लामिछाने लगायतले सम्बोधन गरेका थिए । अधिवेशनले ८ बुँदे घोषणापत्र समेत जारी गरेको छ ।

पोर्चुगलको अध्यक्षमा थापा

प्रवासी नेपाली मञ्च पोर्चुगलको सातौं अधिवेशनले नवीनकुमार थापाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । राजधानी लिस्बनमा सम्पन्न भएको अधिवेशनले थापाको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । जसको सचिवमा गणेश थापा, उपसचिवमा राजन कार्की र जुना दाहाल चयन भएका छन् । कार्यसमिति सदस्यहरूमा दीपक पुनमगर, नवराज घर्तीमगर, हेमन्त केसी, कमल बस्नेत, रमेश परियार, हुकुम ओली, कुविर खड्का, सुमन लम्साल, अर्जुन भण्डारी, मन्जित सिंह, नरबहादुर जिसी र प्रकाश नेपाली चयन भएको मञ्चले जनाएको छ ।

राहत अभियानमा मुस्लिम समुदायको सक्रियता

इसत्याक अहमद/मध्यान्ह
विराटनगर, २५ भदौ

सुनकोशी लगायतका क्षेत्रमा आएको बाढी तथा प्राकृतिक विपत्तिपछि राहत तथा उद्धार कार्यमा मुस्लिम समुदायको उल्लेखनीय सहभागिता देखिएको छ । देशभरका मुस्लिम बस्ती, मस्जिद, मदरसा, सामाजिक संस्था, व्यापारी वर्ग तथा विदेशमा रहेका नेपालीका संघ-संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गर्नुका साथै प्रभावित क्षेत्रमा प्रत्यक्ष पुगेर राहत सामग्री वितरण गरिरहेका छन् । विपद्को तेस्रो-चौथोक दिनदेखि नै विभिन्न संघ-संस्था, समूह तथा व्यक्तिहरूले गाडीमा राहत सामग्री लिएर प्रभावित क्षेत्रमा पुग्ने र पीडित परिवारलाई खाद्यान्न, लत्ताकपडा, औषधि तथा अन्य आवश्यक सामग्री वितरण गर्ने क्रम जारी राखेका छन् ।

यसै क्रममा सुनसरी मुस्लिम समाजले जिल्लाका विभिन्न मुस्लिम बस्ती, मस्जिद, मदरसा, सामाजिक संस्था तथा व्यापारी वर्गबाट संकलित सहयोगको विवरण व्यवस्थित गरी सरकारको राहत कोषमा जम्मा गरिएको रकमका बैंक भौचर तथा डिपोजिट स्लिप जिल्ला प्रशासन कार्यालयमा बुझाएको छ ।

जिल्लाका मुस्लिम अगुवा, नेता, बुद्धिजीवी तथा ओलमाहरूको उपस्थितिमा ६२ लाख ४५ हजार ४९ रुपैयाँ बराबरका भौचर तथा डिपोजिट स्लिप प्रमुख जिल्ला अधिकारीसमक्ष हस्तान्तरण गरिएको हो । 'समाजले अभियान केही ढिलो सुरु गरेको थियो । यसअघि नै सुनसरीबाट विभिन्न व्यक्ति, समूह र संस्थामार्फत ठूलो परिमाणमा राहत सामग्री घटनास्थलमा पुगिसकेको थियो,' सुनसरी मुस्लिम समाजका अध्यक्ष नईम अन्सारीले मध्यान्हलाई बताए । उनका अनुसार हाल बुझाइएको रकम सबै सहयोगको पूर्ण विवरण भने होइन । धेरै व्यक्ति तथा समूहले प्रत्यक्ष रूपमा राहत सामग्री खरिद गरी प्रभावित क्षेत्रमा पुऱ्याएर वितरण गरेकाले त्यसको मूल्य यसमा समावेश गरिएको छैन ।

अन्सारीका अनुसार सबै विवरण प्राप्त भएपछि सरकारको राहत कोषमा जम्मा भएको रकम करोड रुपैयाँभन्दा माथि पुग्नसक्ने र प्रत्यक्ष रूपमा वितरण गरिएका राहत सामग्रीको मूल्यसमेत जोड्दा समुदायको कुल योगदान अझ धेरै ठूलो हुने देखिन्छ । दुहबीका नेकपा नेता हैदर अलीले प्रशासनलाई आजसम्म प्राप्त विवरण मात्र बुझाइएको बताए । उनका अनुसार राहत अभियान अझै जारी रहेकाले आगामी दिनमा थप रकम तथा सामग्री संकलन हुने सम्भावना छ । पूर्वमन्त्री तथा संविधानसभा सदस्य मोहम्मद जाकिर हुसैनले विपद्को समयमा मुस्लिम समुदायले आफ्नो सामाजिक संरचनालाई मानवीय सेवामा परिचालन गर्नु सकारात्मक भएको बताए । मस्जिद, मदरसा, बस्ती, व्यापारी तथा देश-विदेशमा रहेका नेपाली मुस्लिम समुदायलाई जोडेर राहत अभियान सञ्चालन भइरहेको उल्लेख गर्दै उनले विपद्को पीडा कुनै एक धर्म वा समुदायको मात्र नभएको बताए ।

साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

कम्पनीः D.I. Main-line Job Agency **शहरः LIMASSOL**

पूर्व स्वीकृत मितिः २०८३/०४/११ चलानी नं.: ६०२५८७५५ LT. No.: 345522 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Salesgirl	0	25	स. काममा दक्ष	750	१,३२,४०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

पूर्व स्वीकृत मितिः २०८२/१०/०९ चलानी नं.: ६०२५११४९ LT. No.: 337746 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Housekeeping	0	14	सम्बन्धित काममा दक्ष	750	१,३२,४०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Hostess	0	5		750	१,३२,४०५							

पूर्व स्वीकृत मितिः २०८२/१२/२४ चलानी नं.: ६०२५३८७७ LT. No.: 340462 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Housekeeping	0	10	स. काममा दक्ष	750	१,३२,४०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

पूर्व स्वीकृत मितिः २०८२/१०/०९ चलानी नं.: ६०२५११४८ LT. No.: 337747 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cook A.	10	0	सम्बन्धित काममा दक्ष	1000	१,७६,५४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cook B	8	0		900	१,५८,८८६							

पूर्व स्वीकृत मितिः २०८१/०८/२४ चलानी नं.: ६०२४८६९८ LT. No.: 335059 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Barista	10	0	सम्बन्धित काममा दक्ष	750	१,३२,४०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Bartender	10	0		750	१,३२,४०५							

पूर्व स्वीकृत मितिः २०८२/०८/२४ चलानी नं.: ६०२४८६९२ LT. No.:335042 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiter/waitress	9	3	स. काममा दक्ष	800	१,४१,२३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

पूर्व स्वीकृत मितिः २०८२/१०/०९ चलानी नं.: ६०२५११४६ LT. No.: 337749 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Marchendiser	9	0	सम्बन्धित काममा दक्ष	750	१,३२,४०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Salesboy	9	0		700	१,२३,५७८							

पूर्व स्वीकृत मितिः २०८३/०४/११ चलानी नं.: ६०२५८७५४ LT. No.: 345637 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	cleaner	0	25	स. काममा दक्ष	700	१,२३,५७८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

पूर्व स्वीकृत मितिः २०८२/०८/२४ चलानी नं.: ६०२४८६९१ LT. No.:335041 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner	20	0	स. काममा दक्ष	700	१,२३,५७८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता सिद्धार्थ होटल, विर्तामोड, झापामा २०८३ असोज २ गते (18 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय पोखरामा २०८३ असोज २ गते (18 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २ र ४ गते (18 & 20 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय बुटवलमा २०८३ असोज ४ गते (20 September 2026) मा हुनेछ ।

Note : साथै, Langtang Overseas ले आफ्नै Langtang Skills Academy मार्फत Salesgirl र Hospitality Sector (जस्तै Waiter, Barista, Bartender, Receptionist, Housekeeping, Cleaner) का लागि प्रशिक्षणका साथै English Language र Interview Preparation कक्षा पनि सञ्चालन गर्दैआएको छ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.:1643/080/081

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-3, Kathmandu, Nepal, 015903078|015903079
WhatsApp 980-2392459, Hotline 980-2370863
Butwal Branch : 071-531697|9705632599|9700066255|9700066265
Pokhara Branch : 061-570074|061-570075|986341883|9801339551
Basundhara-03, Kathmandu Nepal. Contact: 014971229,
Email - officelangtang@gmail.com, Website: www.langtangoverseas.com

नबिल बैंक लिमिटेड, कटारी शाखा, उदयपुर जिल्लाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०५/२६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०१/०६ को नयाँ पत्रिका**मा प्रकाशित गरि एकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परि माणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कटारी शाखा, उदयपुर जिल्लामा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमो जिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

१ — ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागमा मिति २०६५/०९/०२ मा प्रा.फ.र.नं. २१८/०६५/०६६ अन्तर्गत दर्ता भएको **सन्तोषी स्टोर्स** ।
ठेगानाः सिन्धुली जिल्ला, दुधौली न.पा. वडा न. ०८ ।

ऋणी फर्मका प्रोपाइटरः
महन्थी नायकको नाती, सति नायकको छोरा सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ०८ बस्ने ना.प्र.नं. ११५/१०४९१ (जारी मिति : २०५५/०७/३० स्थानः सिन्धुली) भएको **सरोज नायक** ।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. महन्थी नायककी बुहारी, सति नायककी श्रीमती सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ८ स्थायी घर भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. २६५८/५९७२ (जारी मितिः २०४६/०२/२९, स्थानः सिन्धुली) भएकी **राम सखी नायक** ।
२. विनोद कुमार महथाकी छोरी, सती नायककी बुहारी, सरोज नायककी श्रीमती धनुषा जिल्ला सबौला गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. ८०२६९७२४ (जारी मितिः २०६०/०८/०७, स्थानः धनुषा) भएकी **शुशिला कुमारी महथा** ।

२ — ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०८/१२ मा दर्ता नं. १५९०५७/०७३/०७४ अन्तर्गत दर्ता भएको **प्योर प्लस सिन्धुली वेभरेज प्रा. लि** ।
ठेगानाः सिन्धुली जिल्ला, दुधौली न.पा. वडा न. ०५ ।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१.महन्थी नायकको नाती, सति नायकको छोरा सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ०८ बस्ने ना.प्र.नं. ११५/१०४९१ (जारी मिति : २०५५/०७/३० स्थानः सिन्धुली) भएको **सरोज नायक** ।
२. महन्थी नायककी बुहारी, सति नायककी श्रीमती सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ८ स्थायी घर भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. २६५८/५९७२ (जारी मितिः २०४६/०२/२९, स्थानः सिन्धुली) भएकी **राम सखी नायक** ।
३. विनोद कुमार महथाकी छोरी, सती नायककी बुहारी, सरोज नायककी श्रीमती धनुषा जिल्ला सबौला गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने ना.प्र.नं. ८०२६९७२४ (जारी मितिः २०६०/०८/०७, स्थानः धनुषा) भएकी **शुशिला कुमारी महथा** ।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
१. सन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ८ स्थायी घर भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने **राम सखी नायक**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सन्धुली जिल्ला, महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ४ नक्सा सीट नं. ४ख मा अवस्थित कि.न. २१३ क्षेत्रफल ०-३-१६-० विघा घर/जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।
२. सन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ८ स्थायी घर भई हाल सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बस्ने **राम सखी नायक**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सन्धुली जिल्ला, महेन्द्र लदाभिर गा.वि.स. वडा नं. ४ नक्सा सीट नं. ६क मा अवस्थित कि.न. १०८५ र १०८८ क्षेत्रफल ०-२-१५ र ०-१-०-० विघा घर/जग्गा एवं सोमा जडित सम्पुर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कटारी शाखा, उदयपुर जिल्ला**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/०९ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कटारी शाखा, उदयपुर जिल्ला**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१२ गते ३:०० बजे बैंकको **शाखा कार्यालय, कटारी शाखा, उदयपुर जिल्ला**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कटारी शाखा, उदयपुर** जिल्लामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

हिमाली जोखिम बुझौं

१० भदौको भोटेकोशी बाढीले नेपाललाई नयाँ जोखिमतर्फ सचेत गराएको छ । प्रारम्भिक अध्ययनअनुसार उच्च हिमाली भागबाट ठुलो परिमाणमा बरफ र चट्टान खसेर ल्हेन्दे खोला थुनिएको र त्यहाँ जम्मा भएको पानी तथा भग्नावशेष एकाएक तल बगेको देखिन्छ । अर्थात् हिम-चट्टान पहिरोले नदी थुन्ने, अस्थायी ताल बन्ने र त्यसपछि आकस्मिक बाढी आउने जोखिमबारे अब नेपालले गम्भीर रूपमा बुझ्नुपर्छ । यस घटनालाई अहिले नै जलवायु परिवर्तनकै प्रत्यक्ष परिणाम मात्र भन्न नमिल्ला । त्यसका लागि थप अध्ययन आवश्यक छ । तर बढ्दो तापक्रमले हिमनदी पछाडि हट्ने, जमेको भूभाग पग्लिने र चट्टानका चिराभित्र पानी पस्ने अवस्था बढाउन सक्छ । यसले उच्च हिमाली भूभागको स्थिरता कमजोर बनाउन सक्ने विज्ञहरूको विश्लेषण छ । त्यसैले जलवायु परिवर्तनको असर बुझ्दा हिमतालमा मात्र सीमित हुनु हुँदैन ।

नेपालमा हिमतालको जोखिमबारे अध्ययन र निगरानी हुँदै आएको छ । तर भोटेकोशीले जोखिमको दायरा अझ फराकिलो बनाउनुपर्ने देखाएको छ । हिमतालसँगै अस्थिर हिमनदी, हिम-चट्टान पहिरो सम्भावित भिर, जमेको भूभाग र नदी थुनिन सक्ने साँघुरा उपत्यकालाई पनि जोखिमको सूचीमा राख्नुपर्छ । नेपाल सरकारको अबको प्राथमिकता यही हुनुपर्छ । पहिलो, हिमाली क्षेत्रमा बहु-जोखिम मूल्यांकन गरिनुपर्छ । भू-उपग्रह तस्बिर, भू-आकृति, हिमनदी र हिमतालको अवस्था, चट्टानको स्थिरता तथा तल्लो क्षेत्रमा रहेका बस्ती र पूर्वाधारलाई जोडेर जोखिमयुक्त क्षेत्र पहिचान गर्नुपर्छ ।

दोस्रो, पूर्वसूचना प्रणालीलाई नयाँ जोखिमअनुकूल बनाउनुपर्छ । नदीको जलसतह मापन मात्र पर्याप्त छैन । उच्च हिमाली क्षेत्रमा क्यामेरा, मौसम केन्द्र, जमिनको चाल र अन्य आवश्यक संकेत निगरानी गर्ने प्रविधि जोड्नुपर्छ । खतरा पहिचान भएपछि सूचना स्थानीय सरकार, सुरक्षा निकाय, जलविद्युत् आयोजना र समुदायसम्म केही मिनेटमै पुग्ने व्यवस्था हुनुपर्छ ।

तेस्रो, जोखिमयुक्त क्षेत्रमा नयाँ बस्ती र संवेदनशील पूर्वाधार निर्माणबारे पुनर्विचार गर्नुपर्छ । पुराना संरचनाका लागि सुरक्षित स्थान, उद्धार मार्ग र नियमित अभ्यास आवश्यक छ । सीमापारबाट आउने हिमाली नदीका कारण नेपाल-चीनबीच मौसम, नदी र सम्भावित अवरोधसम्बन्धी सूचना तत्काल आदानप्रदान गर्ने संयन्त्र पनि बलियो बनाउनुपर्छ ।

भोटेकोशीको पानी घटेपछि जोखिम सकिएको छैन । यो विपत्तिले दिएको सबैभन्दा ठुलो पाठ भनेकै अब सरकारले बाढी आएपछि प्रतिक्रिया दिने मात्र होइन, बाढी आउनुअघि जोखिम पहिचान गर्नुपर्छ । हिमालमा हुने परिवर्तन केही घण्टामै तलको बस्तीका लागि विपत्ति बन्न सक्छ । त्यसैले अर्को विपत्ति पर्खिनुभन्दा अहिले नै तयारी सुरू गर्नु बुद्धिमानी हुनेछ ।

हिमालयको पीडा र जलवायु न्याय

न्यून कार्बन उत्सर्जनका बाबजुद नेपालले व्यहोरिरहेको गम्भीर जलवायु संकटलाई कूटनीति, प्रविधि र अन्तर्राष्ट्रिय जलवायु वित्तसँग जोड्नुपर्छ । कालापत्थरदेखि अन्तर्राष्ट्रिय मञ्चसम्म उठेको हिमालय संरक्षणको आवाजलाई अब क्षतिपूर्ति, हरित लगानी र राष्ट्रिय उत्थानशीलतामा रूपान्तरण गर्नुपर्छ । यसका लागि सरकार, अन्तर्राष्ट्रिय समुदाय र डायस्पोरा (एनआरएनए) बीच प्रविधि, ज्ञान र पुँजीको रणनीतिक साझेदारी अनिवार्य छ ।

अग्रलेख

● सोमनाथ सापकोटा

नेपाल जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी प्रभावित मुलुकमध्ये एक हो, जबकि विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून छ । हिमालयमा बढ्दो तापक्रमसँगै हिमनदी पग्लिने, हिमताल विस्फोटको जोखिम बढ्ने, बाढी, पहिरो, खडेरी र डढेलोका घटना तीव्र हुने क्रमले नेपालको सामाजिक, आर्थिक र वातावरणीय सुरक्षामाथि गम्भीर चुनौती थपेको छ । विशेषगरी हिमाली क्षेत्रको जोखिम अब केवल वातावरणीय विषय रहेन, यो खाद्य सुरक्षा, जलस्रोत, पर्यटन, पूर्वाधार, जनजीवन र राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको विषय बनेको छ ।

नेपालले विश्व समुदायलाई बारम्बार सम्झाउँदै आएको छ-हिमालयको संकट नेपालको मात्र संकट होइन, सम्पूर्ण विश्वको भविष्यसँग जोडिएको संकट हो । हिमालयले दक्षिण एसियाको जलचक्र, जैविक विविधता र करोडौं मानिसको जीवन तथा जीविकासँग प्रत्यक्ष सम्बन्ध राख्छ । त्यसैले हिमालयको संरक्षणलाई साझा विश्वव्यापी जिम्मेवारीका रूपमा स्थापित गर्नु नेपालको जलवायु कूटनीतिको महत्त्वपूर्ण प्राथमिकता हुनुपर्छ ।

नेपालले जलवायु संकटको विषयलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउँदै आएको इतिहास लामो छ । सन् २००९ डिसेम्बर ४ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा कालापत्थरमा मन्त्रिपरिषद्को ऐतिहासिक बैठक बसेर जलवायु परिवर्तन र हिमालय संरक्षणप्रति विश्वको ध्यानाकर्षण गराइएको थियो । त्यस बैठकबाट जारी गरिएको 'एभरेस्ट डिक्लेरेसन'ले नेपालले जलवायु न्यायका लागि उठाएको आवाजलाई अन्तर्राष्ट्रिय तहमा स्थापित गर्ने महत्वपूर्ण आधार तयार गऱ्यो ।

त्यतिबेला म पनि एनआरएनए एनसिसी डेनमार्कको अध्यक्षका रूपमा कोपेनहेगनमा आयोजित सिओपी१५ मा सहभागी थिएँ । नेपाली डायस्पोराले हिमालय संरक्षण र जलवायु न्यायका पक्षमा अन्तर ष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने प्रयास गरेको त्यो समय आज पनि मेरो स्मृतिमा उत्तिकै ताजा छ । कालापत्थरबाट उठेको आवाज केवल नेपालको आवाज थिएन, त्यो हिमालय र त्यसमा निर्भर करोडौं मानिसको भविष्यको आवाज थियो ।

त्यसयता पेरिसदेखि ग्लास्गो, दुबई, बाकु हुँदै बेलेमसम्मको अन्तर्राष्ट्रिय जलवायु बहसमा नेपालले आफ्नो आवाज निरन्तर उठाउँदै आएको छ । एनआरएनएले पनि विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा हिमालय संरक्षण, जलवायु न्याय, जलवायु वित्त र नेपाली समुदायको सहभागिताका विषयलाई प्राथमिकताका साथ उठाउँदै आएको छ । तर प्रश्न अब केवल आवाज उठाउने होइन, त्यस आवाजलाई नीति, स्रोत, प्रविधि र ठोस परिणाममा कसरी रूपान्तरण गर्ने भन्ने हो ।

जलवायु संकटले नेपालको विकासको आधारभूत संरचनामै असर पारिरहेको अवस्थामा अन्तर्राष्ट्रिय सहकार्य, प्रविधि हस्तान्तरण, क्षमता विकास, जलवायु वित्त र न्यायोचित सहयोगलाई नेपालको जलवायु कूटनीतिको केन्द्रमा राख्न आवश्यक छ । सन् २०२६ मा नेपालले भोगिरहेको बाढी, पहिरो र हिमाली क्षेत्रमा देखिएका प्राकृतिक विपद्का घटनाले जोखिमको गम्भीरता अझ स्पष्ट बनाएका छन् । यस्ता विपद्लाई केवल प्राकृतिक प्रकोप भनेर हेर्नु पर्याप्त हुँदैन । जलवायु परिवर्तनले जोखिमको तीव्रता र स्वरूपमा पारिरहेको प्रभावलाई वैज्ञानिक आधारमा बुझेर त्यसअनुसार पूर्वतयारी र विकास योजना बनाउन आवश्यक छ ।

विश्व तापक्रमलाई १.५ डिग्री सेल्सियसभित्र सीमित गर्ने लक्ष्य चुनौतीपूर्ण बन्दै गएको छ र वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा निरन्तर बढिरहेको छ । यसको मानवीय तथा आर्थिक मूल्य नेपालजस्ता कमजोर मुलुकले ठुलो मात्रामा चुकाउनुपरेको छ । त्यसैले अब राहत र उद्धारमा मात्र सीमित नभई दीर्घकालीन अन्तर्राष्ट्रिय सहकार्य, प्रविधि, वित्त र जलवायु न्यायका लागि अझ प्रभावकारी कूटनीतिक पहल आवश्यक छ ।

यही सन्दर्भमा 'लस एन्ड ड्यामेज' अर्थात् जलवायु परिवर्तनबाट भएको क्षति र नोक्सानीको विषय नेपालका लागि अत्यन्त महत्त्वपूर्ण छ । जलवायु संकटमा नेपालको योगदान न्यून भए पनि यसको असरका कारण हुने आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानवीय क्षतिको भार नेपालले ठुलो मात्रामा बोकिरहेको छ । त्यसैले जलवायु सहायता र ऋणलाई मात्र समाधान मान्न सकिँदैन । नेपालले आफ्नो जलवायु क्षति र नोक्सानीलाई वैज्ञानिक तथा आर्थिक आधारमा अभिलेखीकरण गर्दै अन्तर्राष्ट्रिय जलवायु वित्त प्रणालीबाट न्यायोचित र पर्याप्त स्रोत प्राप्त गर्न सक्रिय कूटनीतिक पहल गर्नुपर्छ ।

एआई

हरित विकास र रणनीतिक कूटनीति

तर जलवायु न्यायको अर्थ केवल क्षतिपूर्ति माग गर्नु मात्र होइन । नेपालले जलवायु संकटलाई आफ्नो हरित तथा दिगो विकासको अवसरमा रूपान्तरण गर्ने रणनीति अघि बढाउनुपर्छ । नेपालको न्यून उत्सर्जन, विशाल जलस्रोत, हिमाली जैविक विविधता, वन, नवीकरणीय ऊर्जा, हरित पर्यटन र कार्बन न्यूनीकरणका सम्भावनालाई अन्तर्राष्ट्रिय जलवायु वित्त र प्रविधिसँग जोड्न सकिन्छ । चुनौतीलाई नेपालले हरित रोजगारी, स्वच्छ ऊर्जा, जलवायु-स्मार्ट कृषि, दिगो पर्यटन र अनुसन्धानसँग जोड्न सकेमा यसलाई आर्थिक रूपान्तरणको अवसर बनाउन सकिन्छ ।

तर यस विषयमा हतारमा निर्णय गर्ने पक्षमा हुनु हुँदैन । जलवायु परिवर्तनका प्रभावलाई वैज्ञानिक तथ्य, दीर्घकालीन अध्ययन र स्थानीय अनुभवका आधारमा बुझ्दै अघि बढ्नुपर्छ । विपद्को समयमा तत्काल राहत र उद्धार अत्यावश्यक भए पनि त्यसपछि गरिने नीति तथा लगानीका निर्णयहरू प्रमाण, जोखिम मूल्यांकन र भविष्यको आवश्यकतालाई ध्यानमा राखेर गरिनुपर्छ ।

नेपालले प्राथमिकता स्पष्ट गर्दै, उपलब्ध स्रोतको सही उपयोग गर्दै र अन्तर्राष्ट्रिय साझेदारसँग दीर्घकालीन सहकार्य निर्माण गर्दै अघि बढ्नु आवश्यक छ । पहिला तथ्य र आवश्यकता पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, संस्थागत क्षमता बलियो बनाउने र परिणाममुखी कार्यक्रम कार्यान्वयन गर्ने नीति चाहिन्छ ।

नेपालले आफ्नो जलवायु कूटनीतिलाई अझ रणनीतिक बनाउनुपर्छ । हिमालय संरक्षण, जलवायु वित्त, लस एन्ड ड्यामेज, कार्बन बजार, स्वच्छ ऊर्जा, जलस्रोत र जलवायु-प्रतिरोधी पूर्वाधारलाई एउटै कूटनीतिक एजेन्डाका रूपमा अघि बढाउन सकिन्छ । नेपालले समान जोखिम भोगिरहेका पर्वतीय मुलुकहरूसँग सहकार्य बढाउँदै साझा आवाज निर्माण गर्नुपर्छ । विकसित मुलुकसँगको सम्बन्धलाई केवल सहयोग प्राप्त गर्ने होइन, ज्ञान, प्रविधि, लगानी र हरित साझेदारी निर्माण गर्ने दृष्टिकोणबाट अघि बढाउनुपर्छ ।

हाम्रो कूटनीतिक प्रयासले 'हामीलाई सहयोग गर' भन्नेभन्दा 'हिमालय संरक्षण र जलवायु समाधानमा हामीसँग साझेदारी गरौं' भन्ने सकारात्मक सन्देश दिन सक्नुपर्छ । अन्तर्राष्ट्रिय समुदायसँग वास्तविक जोखिम प्रस्तुत गर्दै सहयोग खोज्दा नेपालले आफ्नै राष्ट्रिय तयारी, सुशासन, पारदर्शिता र कार्यान्वयन क्षमतालाई बलियो बनाएर विश्वास जित्नुपर्छ ।

अब विकासको मोडल बदलिनुपर्छ । जलवायु जोखिमलाई विकास योजनाको सुरुदेखि नै समावेश गर्नुपर्छ । जलवायु-प्रतिरोधी सडक, लचिलो शहर, जलवायु-स्मार्ट कृषि र सुरक्षित जलस्रोत व्यवस्थापन नेपालको विकासका आधार बन्नुपर्छ । राहतबाट उत्थानशीलता, प्रतिक्रियाबाट पूर्वतयारी, जोखिमबाट प्रतिरोधी क्षमता र प्रारम्भिक चेतावनीबाट प्रारम्भिक कार्यतर्फ जाने स्पष्ट नीति आवश्यक छ ।

संस्थागत संरचना र डायस्पोरा साझेदारी

यसका लागि दीर्घकालीन 'राष्ट्रिय जलवायु उत्थानशीलता अभियान' अघि बढाउन सकिन्छ, जसले संघ, प्रदेश र स्थानीय तहका प्रयासलाई एउटै ढाँचामा जोडोस् । यसमा निजी क्षेत्र, विश्वविद्यालय, नागरिक समाज र नेपाली डायस्पोरालाई रणनीतिक साझेदार बनाउनुपर्छ ।

एनआरएनएलाई केवल विपद्का बेला राहत संकलन गर्ने संस्थाका रूपमा हेर्ने सोच छाड्नुपर्छ । विदेशमा रहेका नेपालीसँग ज्ञान, सीप, प्रविधि, पुँजी र अन्तर्राष्ट्रिय सञ्जाल छ । सरकारले एनआरएनएसँग सहकार्य गरी 'ग्लोबल नेपाली क्लाइमेट एन्ड डिजास्टर एक्सपर्ट नेटवर्क', 'क्लाइमेट स्किल्स बैंक' र 'डायस्पोरा क्लाइमेट रेजिलियन्स फन्ड' जस्ता संरचना निर्माण गर्नुपर्छ ।

विदेशमा रहेका नेपाली वैज्ञानिक, वातावरणविद्, जलवायु विज्ञ, उद्यमी र लगानीकर्ताको विशेषज्ञतालाई नेपालसँग जोड्न सकेमा जलवायु उत्थानशीलताका क्षेत्रमा ठुलो राष्ट्रिय क्षमता निर्माण हुन्छ । हिमालय संरक्षण नेपाल एक्लैले गर्न सक्दैन । यसबाट उत्पन्न हुने पानी र वातावरणीय प्रणालीले अर्बौं मानिसको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्छ । त्यसैले नेपालले आफ्नो दायित्व पूरा गर्दै विश्व समुदायसँग साझा लगानी र समाधानको माग गर्नुपर्छ ।

नेपालले हिमालयलाई केवल जोखिमको प्रतीक नभई विश्वको जलवायु समाधानमा योगदान गर्न सक्ने प्राकृतिक सम्पदाका रूपमा प्रस्तुत गर्नुपर्छ । जलविद्युत्, नवीकरणीय ऊर्जा, वन तथा जैविक विविधताले क्षेत्रीय तथा विश्वव्यापी हरित रूपान्तरणमा योगदान दिन सक्छन् । यसका लागि पारदर्शी नीति, सुशासन र लगानीमैत्री वातावरण अपरिहार्य छन् ।

कालापत्थरबाट सुरु भएको नेपालको आवाज बेलेमसम्म आइपुग्दा अझ स्पष्ट भएको छ-अब प्रतिबद्धता मात्र होइन, कार्यान्वयन आवश्यक छ । ठुला अर्थतन्त्र भएका मुलुकहरूले आफ्नो जिम्मेवारीअनुसार जलवायु वित्त र प्रविधिमा ठोस योगदान गर्नुपर्छ । नेपालले पनि आफ्नो संस्थागत क्षमता र पारदर्शिता बलियो बनाउनुपर्छ ।

नेपाल जलवायु संकटको निर्णायक मोडमा छ । हालका विपद्पछि पुनर्निर्माण गर्दा पुरानै जोखिमपूर्ण संरचना दोहोऱ्याउने होइन, 'बिल्ड ब्याक बेटर'को अवधारणाअनुसार सुरक्षित र जलवायु-प्रतिरोधी नेपाल निर्माण गर्नुपर्छ । जलवायु न्यायलाई भाषणमा सीमित नराखी नीति, बजेट, पूर्वाधार र अनुसन्धानमा रूपान्तरण गर्नुपर्छ । वैज्ञानिक प्रमाण, राष्ट्रिय हित र कूटनीतिक संवादका आधारमा अघि बढ्दा नेपाल समाधानको साझेदार राष्ट्रका रूपमा स्थापित हुनेछ ।

कालापत्थरदेखि बेलेमसम्म नेपालले उठाउँदै आएको आवाज विश्वले सम्बोधन गर्ने समय हो । विश्वभरिका नेपालीको ज्ञान, सीप, प्रविधि र पुँजी नेपालका लागि हुनेछ । हिमालयको पीडालाई नेपालको कमजोरी होइन, विश्वसँग सहकार्य गर्दै सुरक्षित, हरित र समृद्ध भविष्य निर्माण गर्ने अवसरमा बदल्नु अब हाम्रो साझा जिम्मेवारी हो ।

(सापकोटा गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्का प्रवक्ता हुन् ।)

कुशेऔंशी अर्थात् बुवाको मुख हेर्ने दिन

संस्कृति

● टीकाराम खड्का

सनातन परम्परामा कुशेऔंशी पिताप्रतिको अगाध श्रद्धा, आदर र पितृस्मरणको पावन पर्व हो । घरमा पवित्र कुश भित्त्याइने, जीवित पितालाई आदरका साथ पूजन गरिने र दिवंगत पितृको उद्धारका लागि गोकर्णेश्वरलगायत तीर्थमा श्राद्ध-तर्पण गरिने यो दिनले पारिवारिक एकता र सनातन जीवनदर्शनलाई उजागर गर्छ ।

भदौ वा असोज महिनाको कृष्ण पक्षको अमावस्या तिथिमा मनाइने कुशेऔंशी नेपाली सनातन संस्कृतिको एक अत्यन्त पावन, सांस्कृतिक र भावपूर्ण पर्व हो । यस दिनलाई 'बुवाको मुख हेर्ने दिन', 'गोकर्ण औंशी' वा 'पितृऔंशी'का रूपमा पनि चिनिन्छ । वर्षभरि हुने विविध देवकार्य तथा पितृकार्यका लागि आवश्यक पर्ने अति पवित्र वनस्पति 'कुश'लाई विधिपूर्वक उखेलेर घर-घरमा भित्त्याइने भएकाले यस तिथिलाई कुशेऔंशी भनिएको हो । एकातिर जीवित पितालाई आदर-सत्कार गरी मुख हेर्ने र अर्कातिर दिवंगत पितृको उद्धारका लागि तर्पण तथा श्राद्ध गर्ने दोहोरो धार्मिक एवं सामाजिक महत्त्व यस पर्वले बोकेको छ ।

वैदिक साहित्य र उपनिषद्हरूमा पिताको स्थान भगवान्सरह उच्च मानिएको छ । तैत्तिरीय उपनिषद्को 'पितृदेवो भव' भन्ने महावाक्यले जन्मदाता पिताप्रतिको दायित्वलाई स्पष्ट पार्छ । मानव जीवनमा मानिएका तीन प्रमुख ऋणहरू- देवऋण, ऋषिऋण र पितृऋणमध्ये 'पितृऋण' चुकाउन जीवित छँदा बाबुको सेवा-सम्मान गर्नु र देहावसानपछि विधिपूर्वक श्राद्ध-तर्पण गर्नु अपरिहार्य मानिन्छ । अमावस्या तिथि पितृलोक र मर्त्यलोकबीचको सम्बन्ध नजिकिने समय मानिने भएकाले यस दिन गरिएका दान, पिण्डदान र तर्पणले पितृहरूलाई पूर्ण शान्ति र तृप्ति मिल्छ भन्ने धार्मिक विश्वास छ ।

यस दिन भित्र्याइने कुशको धार्मिक तथा वैदिक महत्त्व निकै गहिरो छ । शास्त्रहरूमा कुशलाई भगवान् विष्णुको स्वरूप र अमृतस्पर्शी मानिएको छ । पौराणिक कथाअनुसार गरुडले स्वर्गबाट ल्याएको अमृत कलश भूमिमा राख्दा कुशमा परेकाले यसलाई अत्यन्त पवित्र र ऊर्जावान् मानिएको हो । पूजा, स्नान, जप, होम, स्वाध्याय र पितृकर्मजस्ता जुनसुकै वैदिक अनुष्ठान पनि कुशको उपस्थितिबिना अपूर्ण रहन्छन् । देवकार्यमा साइँली औंलामा र पितृकार्यमा चोर औंलामा कुशको औंठी (पवित्री) लगाउने नियम छ । कुशेऔंशीका दिन उखेलिएको कुश वर्षभरि प्रयोग गर्न सकिने र यसलाई घरको मुख्य ढोकामाथि वा पूजाकोठामा राख्दा नकारात्मक ऊर्जा हटी सुख-शान्ति प्राप्त हुने जनविश्वास छ ।

यस पर्वको अर्को मुख्य आकर्षण भनेको काठमाडौंको बागमती किनारस्थित ऐतिहासिक गोकर्णेश्वर महादेव मन्दिरमा लाग्ने ठुलो मेला हो । उत्तरगयाका रूपमा चिनिने यस पावन स्थलमा दिवंगत पिताको सम्झनामा श्राद्ध, पिण्डदान र सिदादान गर्नाले भारतको गयामा गरिने श्राद्धभन्दा पनि बढी पुण्य प्राप्त हुने पौराणिक मान्यता छ । पौराणिक कथाअनुसार महाभारतका पात्र कर्ण र गोकर्ण नामक व्यक्तिले पितृश्राद्ध गरी पितृ उद्धार गरेको प्रसंग यसैसँग जोडिन्छ । गोकर्णेश्वरका अतिरिक्त रसुवाको बेत्रावती, चितवनको देवघाट र सुनसरीको बराहक्षेत्रजस्ता पवित्र तीर्थस्थलमा पनि यस दिन भक्तजनको ठुलो घुइँचो लाग्ने गर्छ ।

सांस्कृतिक रूपमा यो दिन पारिवारिक सम्बन्धलाई प्रगाढ र जीवन्त बनाउने उत्सव हो । जीवित पिता हुने सन्तानहरूले बिहानै स्नान गरी बाबुलाई गोडामा ढोग्ने, टीका-माला लगाइदिने र खिर, फलफूल, मिठाईका साथै मनपर्ने पकवानहरू खुवाएर आशीर्वाद लिन्छन् । विवाहित छोरीहरू माइती पुगेर बाबुलाई मिठा-मिठा परिकार खुवाउँछन् भने टाढा वा विदेशमा रहेका सन्तानले आधुनिक प्रविधिको प्रयोग गरी शुभकामना र आशीर्वाद आदानप्रदान गर्छन् । नेवार समुदायमा 'हाकुमुस्या'लगायत विशेष परिकार बनाएर पितृस्मरण र बाबुको पूजा गर्ने विशिष्ट परम्परा छ ।

कुशेऔंशी केवल एउटा धार्मिक कर्मकाण्ड मात्र नभएर पुस्तान्तरणबीचको आत्मीय सम्बन्ध जोड्ने बलियो सेतु हो । आधुनिकता, व्यस्त जीवनशैली र भौतिकतासँगै एकाकी बन्दै गएको आजको समाजमा यस पर्वले आफ्नो जरा, मौलिक संस्कृति र वरिष्ठ नागरिकप्रतिको उत्तरदायित्व सम्झाउँछ । यसले परिवारभित्र आत्मीयता र ज्येष्ठ सदस्यहरूप्रति आदरभाव बढाउँछ । संयोगवश नेपाली साहित्यका युगपुरुष माध्यमिक कालका नायक कवि मोतीराम भट्टको जन्म र निधन पनि यसै तिथिमा परेकाले यस दिनको साहित्यिक एवं सांस्कृतिक गरिमा अझ चुलिएको छ ।

संक्षेपमा, कुशेऔंशी पिताप्रतिको अगाध कृतज्ञता, पितृप्रतिको निष्ठा, प्रकृतिको पवित्रता र नेपाली सामूहिकताको एउटा अद्वितीय जीवनदर्शन हो । यसलाई केवल चाडका रूपमा मात्र होइन, आफ्ना अभिभावकप्रतिको सम्मान र दायित्वबोधको पर्वका रूपमा ग्रहण गर्नु नै यसको वास्तविक सार्थकता हो ।

इतिहासको पाना

● सुनिल उलक

विवादास्पद कोशी सम्झौता

Collection of Sunil Ulak

वि.सं. २०११ वैशाख १२ गते भारत र नेपालबीच भएको 'कोशी सम्झौता'लाई नेपालको इतिहासमा एउटा असमान र विवादास्पद मोडका रूपमा लिइन्छ । सम्झौतामा भारतका सिँचाइमन्त्री गुलजारीलाल नन्दा र नेपालका तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले हस्ताक्षर गरेका थिए । राजनीतिक अदूरदर्शिताका कारण यो सम्झौतामा नेपालको हितविपरीत अनेकौं त्रुटिहरू परे ।

सम्झौताको बीजरूप राणाकालमै रोपिएको थियो । वि.सं. २००२ मा भारतले चतरामा ७४० फिट अग्लो बाँध बनाउन राणा शासकहरूबाट मौखिक अनुमति लिइसकेको थियो । पछि २०१६ वैशाख १६ मा राजा महेन्द्र र जवाहरलाल नेहरूले शिलान्यास गरेपछि २०२२ वैशाख १२ मा ब्यारेजको उद्घाटन भयो ।

तीव्र विरोधपछि २०२३ सालमा सम्झौता संशोधन गर्दा भारतीय पक्षले ९९ वर्षको लिज अवधिलाई चलाखीपूर्वक १९९ वर्ष लेखेर हस्ताक्षर गराएको रहस्य पछि खुल्यो । ५६ ढोकायुक्त ब्यारेजको नियन्त्रण र सुरक्षा भारतीय हातमा छ । वर्षामा नेपालतर्फ ठुलो डुबान हुँदा पनि ढोका खोल्न ढिलाइ गरिन्छ । पहिले 'विहारको दुःख' मानिने कोशी ब्यारेज बनेपछि 'पूर्वी नेपालको दुःख' बनेको छ ।

अहिले भारत २६९ मिटर अग्लो 'कोशी उच्च बाँध' बनाएर ५.५ लाख हेक्टरमा सिँचाइ र ३३०० मेगावाट बिजुलीको लोभ देखाउँदै छ । तर, यसबाट नेपालका कति बस्ती डुबानमा पर्छन् भन्ने गम्भीर खतरालाई बेवास्ता गरिएको छ ।

डिस्कभरी सपोर्टद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० लाख सहयोग

काठमाडौं/मस–रसुवाको भोटेकोशी र त्रिशूली नदीमा भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित तथा पीडितहरूको सहयोगार्थ जापानी कम्पनी डिस्कभरी सपोर्ट कम्पनी लि.ले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० लाख रुपैयाँ सहयोग गरेको छ। कम्पनीले बिहीबार अर्थ मन्त्रालयमा आयोजित एक औपचारिक कार्यक्रममा उक्त रकमको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेको हो। ग्लोबल आईएमई बैंकको चेकमार्फत १० लाख रुपैयाँ सहयोग गरिएको कम्पनीले जनाएको छ।

नेपाली समुदायप्रति आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको डिस्कभरी सपोर्टले विपद्को समयमा बाढीपीडितलाई सहयोग गर्ने उद्देश्यले उक्त रकम प्रदान गरेको हो। डिस्कभरी सपोर्ट कम्पनीका प्रमुख जापानी नागरिक मासुई सोता नेपाली समुदायप्रति उदार भावना राख्ने व्यवसायीका रूपमा चिनिँदै आएका छन्। उनले जापानमा रहेका नेपाली समुदायका विभिन्न सामाजिक, सांस्कृतिक तथा मनोरञ्जनात्मक गतिविधिमा निरन्तर आर्थिक तथा अन्य सहयोग गर्दै आएका छन्। गत वर्ष मात्रै डिस्कभरी सपोर्टले एभरेस्ट फेस्टिभल, दशैं फेस्टिभल तथा चर्चित नेपाली ब्यान्ड नेपथ्यको जापान कन्सर्ट लगायतका कार्यक्रमलाई सहयोग गरेको थियो। नेपालमा होटल तथा रेष्टुरेन्ट व्यवसायसमेत सञ्चालन गर्दै आएको डिस्कभरी सपोर्टले जापानमा रहेका नेपाली समुदायका विभिन्न सामाजिक तथा सांस्कृतिक गतिविधिमा पनि निरन्तर सहकार्य गर्दै आएको छ। नेपाल र जापान दुवै देशमा व्यवसाय गर्दै आएका मासुई सोताले नेपाली समुदायसँगको सम्बन्धलाई निरन्तरता दिँदै आगामी दिनमा पनि सामाजिक तथा सांस्कृतिक गतिविधिमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएका छन्।

कांग्रेसको विश्व सञ्जालको प्रथम संयोजकमा सुवेदी चयन

काठमाडौं/मस– नेपाली कांग्रेसको अन्तर्राष्ट्रिय समन्वय समितिको विश्व सञ्जालको प्रथम संयोजकमा विष्णु सुवेदी चयन भएका छन्।

विश्व सञ्जालका मध्यपूर्व संयोजक नानुकाजी अर्यालले सुवेदीलाई उक्त जिम्मेवारीका लागि चयन गरिएको जानकारी मध्यान्ह दैनिकलाई दिएका हुन्।

सुवेदीको नेतृत्वमा नेपाली कांग्रेसको अन्तर्राष्ट्रिय समन्वय तथा संगठनात्मक गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको अर्यालले बताए। उनका अनुसार नयाँ जिम्मेवारीसँगै विश्वका विभिन्न मुलुकमा रहेका नेपाली कांग्रेसका कार्यकर्ता, शुभेच्छुक तथा प्रवासी नेपाली समुदायबीचको सहकार्य र समन्वयलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। नेपाली कांग्रेसको विश्वव्यापी संगठन विस्तार, आपसी समन्वय तथा प्रवासमा रहेका नेपालीहरूको आवाजलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सुवेदीको नेतृत्वले सकारात्मक योगदान पुऱ्याउने विश्वास गरिएको पनि अर्यालले बताए।

प्रवासी नेपाली मञ्च जापानको अधिवेशनको तयारी तीव्र

पूर्ण चलाउने/मध्यान्ह
टोकियो, २५ भदौ

प्रवासी नेपाली मञ्च जापान राष्ट्रिय कमिटीले आफ्नो २२औं राष्ट्रिय अधिवेशन गर्ने भएको छ। अधिवेशन सेप्टेम्बर २० तारिख आइतबारका दिन टोकियोस्थित ओता कुको कम्युनिटी हलमा बिहान १० बजेदेखि आयोजना गरिने छ। प्रवासी नेपाली मञ्च जापान राष्ट्रिय कमिटी नेकपा एमालेको विदेशस्थित संगठन हो। जापानमा संगठनका क्षेत्रीय कमिटीका साथै विभिन्न विभागहरू पनि गठन भएका छन्।

अधिवेशनलाई नेकपा एमालेका केन्द्रीय सदस्य डा. सूर्य पाठकले सम्बोधन गर्ने प्रवासी नेपाली मञ्च जापान राष्ट्रिय कमिटी जापानका उपाध्यक्ष बाबुराम भण्डारीले जानकारी दिए। पाठकलाई नेकपा एमाले पार्टीका तर्फबाट पूर्वी एसिया इन्चार्जका रूपमा प्रवासी नेपाली मञ्च हेर्ने जिम्मेवारी समेत छ। प्रवासी नेपाली मञ्च जापान राष्ट्रिय कमिटीका अध्यक्ष कुलचन्द्र खरेलले अधिवेशन नेपाली समुदायप्रतिको जिम्मेवारी, विचारको बहस, संगठन सुदृढीकरण र नयाँ उर्जा निर्माणको उत्सव बन्ने बताउँदै जिम्मेवार नेतृत्व चयनको अपेक्षा गरेका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०८/०७ मा दर्ता भएको **प्रा. लि. नं. १४१८९८** को **भुवनेश्वरी ग्रुप कम्पनी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७०/०६/१७ मा दर्ता भएको **प्रा. लि. नं. ११६७१७** को **त्रिदेवी कर्पोरेट हाउस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२।११।१० मा दर्ता भएको **प्रा.लि. नं. १४५५३१** को **होटल फ्रण्ट अन्नपूर्ण प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।११।३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७१।०९।२८ मा दर्ता भएको **प्रा.लि. नं. १३१०१०** को **ब्लु स्काई ल्फाईड स्कुल** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०५।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना
दोस्रो पटक प्रकाशित मिति २०८३/०५/२६

यस कम्पनीको मिति २०८३।०५।१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सेन्टर फर हेल्थ केयर रिसर्च एण्ड सर्भिस प्रा.लि. (दर्ता नं. १६३१३३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सेन्टर फर ए.आई. रोबोटिक्स एण्ड इमर्जेन्ट टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय पाटन, ललितपुरका तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मिति २०८३/०५/२६ गते शुक्रबारको मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकका तपशिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुंदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताहरुले समेत कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जा सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/धितो सकार को माध्यमबाट अंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा असुल उपर नभएको हुंदा नेपाल राष्ट्र बैंकबाट “क” “ख” “ग” र “घ” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) बमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ। अत: यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौंट नगर्नु भएको खण्डमा तपाईं जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना बमोजिम जानकारी गराउँदछौं। बैंकको उल्लेखित काम कारवाहीबाट तपाई जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्यौंट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ।

तपसिल

ऋणी तथा जमानतकर्ताहरुको विवरण :

ऋणी : नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखा, काठमाण्डौंमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०४/१३ मा प्रा.फ.र.नं. १२८९९०/०७३/७४, स्थानीय व्यापार अन्तर्गत दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, करदाता सेवा कार्यालय नयाँसडकबाट मिति २०७३/०४/१८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४८९६८७४ को प्रमाणपत्र प्राप्त **विशाल एण्ड विक्रम फेन्सी स्टोर।**
ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २४, महावौद्ध।

जमानतकर्ता : ईश्वरी सोडारी (ना.प्र.न. २२–०१–७१–०९३३८, जारी मिति २०७१/१२/२९, जारी गर्ने कार्यालय जि.प्र.का दोलखा)।
स्थाई ठेगाना : दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. २ (साविक वावरे गा.वि.स, वडा नं. ६)।
हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ३, इमाडोल।
बाबु : भक्त बहादुर सोडारी।
बाजे : बल बहादुर सोडारी।

जमानतकर्ता : सन्त कुमारी सोडारी (ना.प्र.न. ४४१६१ जारी मिति २०६२/१०/४, जारी गर्ने कार्यालय जि.प्र.का. दोलखा)।
स्थाई ठेगाना : दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. २ (साविक वावरे गा.वि.स., वडा न. ६)।
हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ३, इमाडोल।
बाबु : दल बहादुर बुढाथोकी।
पति/ससुरा : भक्त बहादुर सोडारी/बल बहादुर सोडारी।

जमानतकर्ता : विशाल सोडारी (ना.प्र.न. २२–०२–७७–००४११, जारी मिति २०७७/०८/२५, जारी गर्ने कार्यालय जि.प्र.का दोलखा)।
स्थाई ठेगाना : दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. २ (साविक वावरे गा.वि.स., वडा न. ६)।
हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ३, इमाडोल।
बाबु : भक्त बहादुर सोडारी।, बाजे : बल बहादुर सोडारी।

जमानतकर्ता : बिक्रम सोडारी (ना.प्र.न. २२–०२–७४–००१२८, जारी मिति २०७४/०२/१६ जारी गने कार्यालय जि.प्र.का. दोलखा)
स्थाई ठेगाना : दोलखा जिल्ला कालिन्चोक गा.पा. वडा नं. २ (साविक वावरे गा.वि.स वडा न. ६)।
हालको ठेगाना : ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. ३, इमाडोल
बाबु : भक्त बहादुर सोडारी।, बाजे : बल बहादुर सोडारी।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

नबिल बैंक लिमिटेड,नारायणगढ शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०५/२६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०९/०६ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणगढ शाखा, चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्योहरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्मको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेशन एन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय ,भरतपुर, चितवन, नेपालमा प्रा.फ.नं. २२२/२०६५/०६६, अन्तर्गत मिति : २०६५/१०/१२ मा दर्ता भएको **गुभाजु पब्लिक ड्रिम मिल।**
ठेगानाः भरतपुर म.न.पा. वडा नं.०६ (साविक गितानगर ०८, चितवन)।
ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरणः
दल बहादुर गुभाजुको नाती ,चन्द्र बहादुर गुभाजुको छोरा ,चितवन जिल्ला गितानगर गा.वि.स वडा नं.०८ स्थायी ठेगाना भई हाल भरतपुर म.न.पा. वडा नं.०६ मा बस्ने ना.प्र.नं. ४३६६१, (जारी मितिः २०६५/०८/२५ , स्थान चितवन) भएका **भुवनलाल गुभाजु।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. दल बहादुर गुभाजुको नाती, चन्द्र बहादुर गुभाजुको छोरा ,चितवन जिल्ला गितानगर गा.वि.स वडा नं.०८ स्थायी ठेगाना भई हाल भरतपुर म.न.पा. वडा नं.०६ मा बस्ने ना.प्र.नं. ४३६६१, (जारी मितिः २०६५/०८/२५ ,स्थान चितवन) भएका **भुवनलाल गुभाजु।**
२. चन्द्र बहादुर गुभाजुको बुहारी, भुवनलाल गुभाजुको श्रीमती , सर्लाही जिल्ला वरहथवा गा वि स वडा नं.०९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला ,भरतपुर महानगरपालिका वडा नं.८ मा बस्ने , ना.प्र.नं. ०८९०११०६६ (जारी मितिः २०५०/१०/०५, स्थान सर्लाही) भएकी **कमल कुमारी श्रेष्ठ।**

धितोमा रहेको घर/जग्गाको विवरण

चितवन जिल्ला साविक गितानगर गा.वि.स वडा नं.०८ स्थायी ठेगाना भई हाल भरतपुर म.न.पा. वडा नं.०६ मा बस्ने **भुवन लाल गुभाजु**को नाममा दर्ता कायम रहेका यस बैंकको पक्षमा रोक्का समेत रहेका चितवन जिल्ला, साविक : गितानगर गा.वि.स वडा नं. ८ ख, हाल : भरतपुर महानगरपालिका वडा नं. ६ स्थित कित्ता न ९२४ क्षेत्रफल ०-९-१४ विघा घर/जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणगढ शाखा, चितवन**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/०९ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणगढ शाखा, चितवन**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१२ गते ३:०० बजे बैंकको **नारायणगढ शाखा, चितवन**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको “गुड फर पेमेण्ट” अर्थात् “भुक्तानी योग्य चेक” (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा नारायणगढ शाखा, चितवन**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६४/०९/२२ मा दर्ता भएको श्री **मुड्स रेष्टुरेन्ट एण्ड बार प्रा. लि. (प्रा. लि. नं. ५०६०४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

अनुसूची-१५
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)
काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना
प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०४/२६

प्रगति सामुदायिक वन उपभोक्ता समूह, बाणगंगा न.पा.-७, बनगाई, कपिलवस्तुले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, कपिलवस्तुको संकलन सहमति अनुसार आ.व. ०८२/०८३ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा मध्ये सा.व.उ.स.को घाटगद्दीमा विभिन्न लटहरु बनाई राखिएको सिसौं तथा खयर जातको थान ११०६ को जम्मा परिमाण ३७२३.३१ क्यु.फि. काठ सिसौं जातको दाउरा ३ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।
रितपूर्वकका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) सञ्चालनमा रहेका उद्योगहरूले मात्र यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोलपत्र खरिद गरी २२ औं दिन भित्रमा प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।
श्री प्रगति सामुदायिक वन उपभोक्ता समूह, बाणगंगा न.पा.-७, बनगाई, कपिलवस्तु

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६८/०२/०१ मा दर्ता भएको **आनन्द पोलिक्लिनिक प्रा.लि.(प्रा.लि.नं. ८३२०९)** को मिति २०८३/०५/२० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।
लिक्वीडेटरः जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार
इजाजतपत्र नं. ६६३, फोन नं. ९८४१६९६९६६

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६।०५।१० मा दर्ता भएको **प्रा.लि. नं. २२२५०७** को **भोले बाबा गोकर्णेश्वर यातायात प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०५।२५ को निर्णय अनुसार कम्पनीको खारेजीबाट उत्पन्न हुन सक्ने कानूनी तथा अन्य दायित्वका सम्बन्धमा कम्पनीसँग सम्बन्धित पक्षहरु पुर्ण रुपमा जिम्मेवार रहने गरी कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कतारमा रोजगारीको अवसर
कम्पनीः RADICAL TRADING CO W.L.L. शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८२/१०/१४ चलानी नं.:६०२५१३९५ LT. No.: 337909 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Salesman	5	0	सम्बन्धित काममा दक्ष	2100	८७५०७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Load Unload Worker	2	0		1000	४१६७०							
3.	Driver	1	0		1400	५८३३८							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २ गते (18 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योर्हने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्योर्हने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

Maven Recruitment Services Pvt. Ltd. Gov. Lic No. 1081/073/074
साविककोः Baby Star International Pvt. Ltd.
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Kamal Prasad Koirala : +977 985-1041565
Fax: 4494173, Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np

UAE मा रोजगार
कम्पनीः AMAN PUBLIC TRANSPORT - SOLE PROPRIETORSHIP L.L.C. शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८३/०५/२३ चलानी नं.: ६०२६०९२५ LT. No.: 347718

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Bus Driver (UAE/GCC/Li/Holder)	100	0	स. काममा दक्ष	1800	७४४३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३ र ४ गते (19 & 20 September 2026) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय कास्की पोखरामा २०८३ असोज ५ गते (21 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योर्हने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्योर्हने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

SHRC Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Support Human Resources Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No : 01-4111126, 9707089500, 9802070434, 9802050422

साउदी र साइप्रसमा रोजगार
कम्पनी : BIN HARKIL COMPANY शहर : JEDDAH
पूर्व स्वीकृत मितिः २०८३/०५/२३ चलानी नं.: ६०२६०९२७ LT. No.: 344439

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Packing Labor	1	0	स. काममा दक्ष	1000	४०४५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : STALAGMITE MANPOWER SERVICES LTD शहर : CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८३/०५/२३ चलानी नं.: ६०२६०९२६ LT. No.: 346819

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Domestic Worker	0	25	स. काममा दक्ष	400	७०६१६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २ गते (18 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योर्हने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्योर्हने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

सक्षम ह्युमन रिसोर्सेज प्रा.लि. इजाजत नं. ९२७/०६७/०६८
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोनः 01-5100754, 9841295990
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com

युएईमा रोजगार
कम्पनी : Noor Al Sahara General Contracting शहर : Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८१/१२/२७ चलानी नं.: ६०२३५८७८ LT. No.: 321710 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Demolition Labor	100	0	सम्बन्धित काममा दक्ष	800	३३०८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	House-builder	100	0		800	३३०८०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २ गते (18 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्हने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्हने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योर्हने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्योर्हने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्योर्हने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्हने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्हने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410 (Kiran Shrestha)
Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

साउदीमा रोजगार
कम्पनी : SENDAB INTERNATIONAL CO. LTD. शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८३/०५/२३ चलानी नं.: ६०२६०९२२ L.T. No.:347743

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver (Light Heavy)	1	0	स. काममा दक्ष	1800	७२८१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २ गते (18 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

I.M.G. NEPAL PVT.LTD.
Gov. Lic No. 1777/082/083
Ekantakuna-13, Lalitpur, Nepal | Contact : 015415570, 9715350014, 9715350015, 9715350010, 9860929700, 9851106096, Email: imgnepal443@gmail.com

NO FEES, ETHICAL RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!

SUBAS HUMAN RESOURCES

मलेसियाका लागि शून्य शुल्कमा नैतिक भर्तीमार्फत रोजगारीको अवसर!

ALL RECRUITMENT RELATED COSTS/ EXPENSES POST SELECTION BORNE BY THE EMPLOYER, HENCE FOR THE CANDIDATE | छनोटपछि भर्तीसम्बन्धी सम्पूर्ण लागत तथा खर्च रोजगारदाताले व्यहोर्ने भएकाले उम्मेदवारका लागि:

Free Passport, Free Visa, Free Air ticket to & from Destination Country, Free Processing, No Service charge
नि:शुल्क राहदानी, नि:शुल्क भिसा, गन्तव्य मुलुक जान र फर्कनका लागि नि:शुल्क हवाई टिकट, नि:शुल्क प्रक्रिया, सेवा शुल्क नलाग्ने

स्वदेशमा गरिने मेडिकल जाँच खर्च Medical Cost in Origin Country	गन्तव्य मुलुकमा मेडिकल/स्वास्थ्य जाँच खर्च Medical Cost at Destination Country	राहदानी खर्च Passport Cost	भिसा खर्च Visa Cost	हवाई टिकट खर्च Air Ticket Cost	बीमा Insurance	अभिमुखीकरण तालिम खर्च Orientation Training Cost	भिसा स्टाम्पिङ खर्च Visa Stamping Cost	श्रमिक कल्याणकारी कोष Worker Welfare Fund	सेवा शुल्क Service Charge	सामाजिक सुरक्षा कोष (SSF) Social Security Fund (SSF)	नगद जम्मा/ डिपोजिट Cash Deposit
रोजगारदाताले व्यहोर्ने Borne By the Employer	रोजगारदाताले व्यहोर्ने Borne By the Employer	रोजगारदाताले राहदानी बनाउने मानक खर्च ने.रु. ५,००० व्यहोर्नेछ। Employer will bear the standard passport making cost of NPR 5,000.	रोजगारदाताले व्यहोर्ने Borne By the Employer	रोजगारदाताले व्यहोर्ने Borne By the Employer	रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु. ३७०८/- उमेर ३६ देखि ५० : ने.रु. ४९३१/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/-	ने.रु. ७०० रोजगारदाताले व्यहोर्ने Borne NPR 700 by the Employer	रोजगारदाताले व्यहोर्ने Borne By the Employer	ने.रु. १,५०० रोजगारदाताले व्यहोर्ने NPR 1,500, Borne by the Employer	रोजगारदाताले व्यहोर्ने Borne By the Employer	रोजगारदाताले व्यहोर्ने Borne By the Employer	छैन No

- रोजगारदाता कम्पनी: एडभान्स्ड एसेम्बली मटेरियल्स (एम) एस्डिएन. बीएचडी.
- EMPLOYER COMPANY: ADVANCED ASSEMBLY MATERIALS (M) SDN. BHD.
- शहर / कार्यस्थल: जोहोर, मलेसिया | City / Work Location: Johor, Malaysia

aam INTERNATIONAL

- ABOUT AAM; एडभान्स्ड असेम्ब्ली मटेरियल्स इन्टरनेशनल लिमिटेड (AAMI) सेमिकन्डक्टर प्याकेजिङ उद्योगका लागि लीड फ्रेम उत्पादन तथा सामग्री समाधान प्रदान गर्ने विश्वव्यापी अग्रणी कम्पनी हो। यो पहिले ASM Pacific Technology को Materials Business Segment थियो र सन् 1980 देखि सञ्चालनमा आएको हो। सन् 2020 मा ASM Pacific Technology र Wise Road Capital बीच रणनीतिक संयुक्त उद्यम भएपछि, AAMI हङकङ मुख्यालयसहित स्वतन्त्र कम्पनीका रूपमा सञ्चालनमा आयो। AAMI का चीन र मलेसियामा तीन उत्पादन केन्द्रहरू र विश्वभरका ग्राहकलाई सहयोग गर्ने विदेशी बिक्री कार्यालयहरू छन्। Advanced Assembly Materials International Ltd. (AAMI) is a global leading lead frame manufacturer serving the semiconductor packaging industry. Formerly the Materials Business Segment of ASM Pacific Technology, it started operations in 1980. After the 2020 joint venture between ASM Pacific Technology and Wise Road Capital, AAMI began operating independently, with headquarters in Hong Kong. AAMI has three manufacturing centers in China and Malaysia and overseas sales offices supporting customers worldwide.

पूर्व-स्वीकृति मिति:	२०८३/०३/११	चलानी नं.:	६०२५५१६१	एल.टी. नं.	३४१७८९	पुन: विज्ञापन
Pre-Approval Date:	2026/05/08	Invoice No.:	60255161	L.T. No.:	341789	Re-Advertisement

सि.नं. / S.N.	कामदारको पद / Worker's Position	माग संख्या / Required No. पुरुष / Male	महिला / Female	न्यूनतम योग्यता / Minimum Qualification	मासिक तलब / Monthly Salary रिङ्गिट MYR	ने.रु. NPR	करार अवधि / Contract Period	ओभरटाइम सुविधा / OT Facility	प्रतिदिन काम गर्ने घण्टा / Working Hours Per Week	हप्तामा काम गर्ने दिन / Working Day Per Week	वार्षिक बिदा / Annual Leave	खाना सुविधा / Food Facility	बस्ने सुविधा / Accommodation Facility
१ 1	सामान्य कामदार / कारखाना कामदार/ अपरेटर General Worker / Factory Worker/ Operator	५३ 53	० 0	+२ प्रमाणपत्र तथा सम्बन्धित कार्यसम्बन्धी ज्ञान / +2 Certificate & Knowledge of Related Work	१,७०० 1,700	६३,१०४ 63,104	दुई वर्ष 2 Years	कम्पनीको नियमानुसार As per company rule	४५ घण्टा 45 Hours	६ दिन 6 Days	प्रत्येक वर्ष ८ दिन 8 days/ year during the first two years of service.	छैन No	छ Yes

उम्मेदवार योग्यता मापदण्ड | Candidate Eligibility Criteria

- न्यूनतम +२ उत्तीर्ण हुनुपर्नेछ | A minimum of +2 pass is required.
- इलेक्ट्रिकल, मेकानिकल, प्लान्टिङ, निरीक्षण वा वेयरहाउस वातावरणसम्बन्धी व्यवसायिक वा आधारभूत प्राविधिक ज्ञान भएको हुनुपर्ने। Vocational or basic technical knowledge in electrical, mechanical, planting, inspection, or warehouse environment.
- उत्पादन, प्लान्टिङ, निरीक्षण वा वेयरहाउस वातावरणमा कम्तीमा ३ वर्षको कामको अनुभव भएको हुनुपर्ने। Minimum 3 years of working experience in manufacturing, planting, inspection, or warehouse environment.
- साधारण ड्रइङ, स्पेसिफिकेसन पढ्न सक्ने तथा कामसम्बन्धी निर्देशन र सुरक्षा प्रक्रियाहरू कडाइका साथ पालना गर्न सक्ने हुनुपर्ने। Able to read simple drawings and specifications, and strictly follow work instructions and safety procedures.
- लामो समय उभिन, हिँड्न, सिँढी चढ्न तथा म्यानुअल वा दोहोरिने प्रकृतिका सञ्चालनसम्बन्धी काम गर्न सक्ने हुनुपर्ने। Able to stand for long hours, walk, climb stairs, and perform manual or repetitive operational tasks.
- आँखाको दृष्टि राम्रो भएको, दृष्टिसम्बन्धी समस्या नभएको र रङ्ग छुट्याउन नसक्ने समस्या नभएको हुनुपर्ने। Must have good eyesight, no eyesight issues, and must not be color-blind.
- आवश्यक परेमा सिफ्ट, ओभरटाइम, सप्ताहन्त वा standby duty मा काम गर्न इच्छुक हुनुपर्ने। Willing to work shifts, overtime, weekends, or standby duty when required.
- वेयरहाउस भूमिकाका लागि वैध forklift license भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ। Possession of a valid forklift license for warehouse roles will be an added advantage.

For accurate and reliable information, please refer only to Subas Human Resources Pvt. Ltd. (SHR)'s official social media platforms and channels:
1.Facebook: Subas Human Resources Pvt. Ltd. 2.TikTok: Subas Human Resources Pvt. Ltd. 3.Website: https://www.subashumanresources.com 4.Telephone: 01-5244743, 01-5244683, 01-5244681
For reliable information, please rely only on SHR's official social media and communication channels. SHR shall not be responsible for any unauthorized advertisements or information published by other parties. Furthermore, necessary legal action will be taken against any individual or party involved in such activities./विश्वसनीय जानकारीका लागि SHR का आधिकारिक सामाजिक सञ्जाल तथा सञ्चार माध्यमहरूमा मात्र भर पर्नुहोस्। अन्य पक्षद्वारा प्रकाशित अनधिकृत विज्ञापन वा सूचनाका लागि SHR जवाफदेही हुने छैन। साथै, यस्ता कार्य गर्ने व्यक्ति वा पक्षविरुद्ध आवश्यक कानुनी कारबाही गरिनेछ।

रोजगार नियम र सर्तहरू | Employment Terms & Conditions;

१. कामको प्रकृति | 1. Nature of Job
- उत्पादन क्षेत्रमा सामान्य कामदार / कारखाना कामदारको रूपमा काम गर्नुपर्नेछ। The worker will be employed as a General Worker / Factory Worker/ Production operator in the manufacturing sector.

२. ओभरटाइमसम्बन्धी व्यवस्था | 2. Overtime Arrangement
- ओभरटाइम कामको ग्यारेन्टी हुँदैन। ओभरटाइम काम कम्पनीको सञ्चालन आवश्यकता अनुसार र कामदारको स्वेच्छिक सहमतिमा मात्र गरिनेछ। ओभरटाइम भुक्तानी मलेसियाको लागू श्रम कानुन तथा कम्पनी नियमअनुसार गणना गरिनेछ। Overtime work is not guaranteed. Overtime shall be performed only on a voluntary basis and subject to the company's operational requirements. Overtime payment shall be calculated in accordance with applicable Malaysian labour law and company rules.
- ओभरटाइम गणना तालिका / Overtime Calculation Table; ORP = सामान्य दैनिक तलब दर | Ordinary Rate of Pay

दिन / Day	सामान्य कार्य समयभित्र / Within Normal Working Hours (8 hrs)	अतिरिक्त समय काम / ओभरटाइम सामान्य काम गर्ने समयभन्दा बढी गरिएको काम / Overtime (Work performed in Excess of Normal Working Hours)
काम गर्ने दिन / Work Day	आधारभूत तलब Basic Pay	१.५ × प्रतिघण्टा दर × गरिएको ओभरटाइम घण्टाको संख्या 1.5 × hourly rate × number of overtime hours performed
विश्राम दिन / Rest Day	आधारभूत तलब Basic Pay	२.० × प्रतिघण्टा दर × गरिएको ओभरटाइम घण्टाको संख्या 2.0 × hourly rate × number of overtime hours performed
सार्वजनिक बिदा / Public Holiday	आधारभूत तलब Basic Pay	पहिलो ८ घण्टासम्मको ओभरटाइम: २.० × प्रतिघण्टा दर × गरिएको ओभरटाइम घण्टाको संख्या; ८ घण्टाभन्दा बढीको ओभरटाइम: ३.० × प्रतिघण्टा दर × गरिएको ओभरटाइम घण्टाको संख्या. First 8 hours of overtime; 2.0 x hourly rate x number of overtime hours performed. After 8 hours of overtime; 3.0 x hourly rate x number of overtime hours performed

३. विश्राम दिन | 3. Rest Day
- मलेसियाको श्रम कानुनअनुसार हप्तामा कम्तीमा एक दिन विश्राम दिन उपलब्ध गराइनेछ। The worker shall be entitled to at least one rest day per week in accordance with Malaysian labour law.

४. सार्वजनिक बिदा | 4. Public Holiday
- मलेसियाको श्रम कानुनअनुसार एक वर्षको सेवामा कम्तीमा १५ दिन तलबसहित सार्वजनिक बिदा उपलब्ध गराइनेछ। The worker shall be entitled to at least 13 paid public holidays in one year of service in accordance with Malaysian labour law.

५. वार्षिक बिदा | 5. Annual Leave
- सेवाको पहिलो दुई वर्षसम्म प्रत्येक वर्ष ८ दिन वार्षिक बिदा उपलब्ध गराइनेछ। The worker shall be entitled to 8 days of annual leave per year during the first two years of service.

६. बिरामी बिदा | 6. Sick Leave
- अस्पताल भर्ना नभएको अवस्थामा, दुई वर्षभन्दा कम सेवा अवधिका लागि प्रत्येक वर्ष १४ दिन बिरामी बिदा उपलब्ध गराइनेछ। Without hospitalization, the worker shall be entitled to 14 days of sick leave per year for each year of service of less than two years.
- अस्पताल भर्ना भएको अवस्थामा, प्रत्येक क्यालेन्डर वर्षमा ६० दिनसम्म अस्पताल भर्नासम्बन्धी बिरामी बिदा उपलब्ध गराइनेछ। In case of hospitalization, the worker shall be entitled to up to 60 days of hospitalization leave in each calendar year.

७. मेडिकल तथा दुर्घटना बीमा | 7. Medical and Accident Insurance
- मलेसियाको कानुनअनुसार, कामदारलाई Foreign Workers Hospitalization and Surgical Scheme — FWHS/SPIKPA अन्तर्गत समेटिनेछ। In accordance with Malaysian law, the worker shall be covered under the Foreign Workers Hospitalization and Surgical Scheme — FWHS/SPIKPA. नोट | **Note: कानुनी रूपमा यो योजना कामदारले मासिक तलब कटौतीमार्फत भुक्तानी गर्ने व्यवस्था हुन्छ। तर केही रोजगारदाताले यो खर्च आफैं व्यहोर्न सक्छन् भने केहीले नव्यहोर्न पनि सक्छन्। Legally this scheme is paid by worker via monthly deduction, some employers may absorb, some may not.**

८. सङ्गठन स्वतन्त्रता तथा सामूहिक सौदाबाजीको अधिकार | 8. Freedom of Association and Collective Bargaining
- कामदारको सङ्गठन स्वतन्त्रता तथा सामूहिक सौदाबाजीको अधिकारको सम्मान गरिनेछ। The worker's right to freedom of association and collective bargaining shall be respected.

९. धार्मिक स्वतन्त्रता | 9. Freedom of Religion
- कामदारको धार्मिक स्वतन्त्रताको सम्मान गरिनेछ। The worker's right to freedom of religion shall be respected.

१०. आवागमन स्वतन्त्रता | 10. Freedom of Movement
- कामदारको आवागमन स्वतन्त्रताको सम्मान गरिनेछ। कामदारलाई कुनै निक्षेप वा रकम जम्मा गर्न बाध्य पारिने छैन। The worker's right to freedom of movement shall be respected. The worker shall not be required to pay any deposit or cash bond.

११. स्वदेश फिर्ती | 11. Repatriation
- कामदारले रोजगार करार अवधि पूरा गरेपछि, काम गर्ने स्थानदेखि नेपालको मूल प्रस्थान बिन्दु/अन्तर्राष्ट्रिय विमानस्थलसम्मको स्वदेश फिर्ती खर्च रोजगारदाताले व्यहोर्नेछ। Upon completion of the employment contract, the Employer shall bear the repatriation cost from the place of work to the Worker's original exit point/international airport in Nepal.
- रोजगारदाताले कामदारको गल्ती वा करारका सर्त उल्लङ्घनबाहेकका कारणले करार समाप्त गरेमा, स्वदेश फिर्ती खर्च रोजगारदाताले व्यहोर्नेछ। If the contract is terminated by the Employer for reasons not attributable to the Worker or not due to breach of contract by the Worker, the Employer shall bear the repatriation cost.
- रोजगारदाताले करारका सर्त पालना नगरेको कारणले कामदारले रोजगार समाप्त गर्नुपर्ने अवस्था आएमा, स्वदेश फिर्ती खर्च रोजगारदाताले व्यहोर्नेछ। If the Worker terminates employment due to the Employer's non-compliance with the terms and conditions of the contract, the Employer shall bear the repatriation cost.
- माथि उल्लेखित अवस्थाबाहेक अन्य अवस्थामा, मलेसियाको लागू कानुनअनुसार स्वदेश फिर्तीसम्बन्धी खर्च कामदारले स्वयं व्यहोर्नुपर्ने हुन सक्छ। In circumstances other than those mentioned above, the Worker may be responsible for repatriation-related expenses as per applicable Malaysian laws.

१२. अनिवार्य बचत छैन | 12. No Mandatory Saving Programme
- कामदारलाई कुनै पनि प्रकारको अनिवार्य बचत वा जबरजस्ती बचत योजनामा सहभागी हुन बाध्य पारिने छैन। The worker shall not be required to participate in any mandatory or forced saving program.

१३. आवास, पानी, बिजुली र वैधानिक कटौती | 13. Accommodation, Transportation and Statutory Deductions
- रोजगारदाताले कामदारहरूलाई आवास सुविधा तथा कार्यस्थलसम्म आउन–जान यातायात सुविधा उपलब्ध गराउनेछ। The employer shall provide the workers with accommodation and transportation to and from the workplace.
- EPF, SOCSO, आयकर वा अन्य वैधानिक योगदान/कटौतीहरू मलेसियाको लागू कानुन र नियमअनुसार कामदारको तलबबाट कटौती गर्न सकिनेछ। Statutory contributions or deductions, including EPF, SOCSO, income tax, or other legally required deductions, may be deducted from the worker's salary in accordance with applicable Malaysian laws and regulations.

आवेदन / भर्ती प्रक्रिया | APPLICATION/ INTERVIEW/ RECRUITMENT DETAILS

चरण १: आवेदन दर्ता | Step 1: Application Registration
- दर्ता अन्तिम मिति | Registration Deadline:
  १७ सेप्टेम्बर २०२६ / 17 September 2026 (२०८३ असोज १ गते), दिउँसो ५:०० बजेसम्म / till 5:00 PM

कार्यालयमा प्रत्यक्ष उपस्थित भई आवेदन
WALK-IN OFFICE APPLICATION

- आवेदन १७ सेप्टेम्बर २०२६ (२०८३ असोज १ गते) सम्म प्रत्येक दिन कार्यालय समयभित्र खुला रहनेछ।/ Applications will remain open each day during office hours until 17 September 2026 (1 Ashoj 2083 B.S.).
- योग्य उम्मेदवारहरू आफूलाई पायक पर्ने समयमा कार्यालय समयभित्र SHR कार्यालयमा प्रत्यक्ष उपस्थित भई सम्बन्धित आवश्यक कागजातहरू साथमा ल्याई आवेदन फाराम बुझाएर दर्ता गराउन सक्नेछन्। आवेदन फाराम दर्ता गरेपछि उम्मेदवारहरूलाई आगामी ड्यू-डिलिजेन्स, कागजात जाँच तथा पूर्व-अन्तर्वार्ता मूल्याङ्कन प्रक्रियाबारे आवश्यक जानकारी प्रदान गरिनेछ।/Eligible candidates may visit the SHR office in person at a time convenient for them during office hours, bringing the relevant required documents and submitting and registering their application form. After registration of the application form, candidates will be provided with the necessary information regarding the upcoming due diligence, document verification, and pre-interview assessment process.

चरण २: रोजगार आवेदन दर्ता, ड्यू-डिलिजेन्स तथा पूर्व-अन्तर्वार्ता मूल्याङ्कन / Step 2: Job Application Filing, Due Diligence, and Pre-Interview Assessment

SHR कार्यालयमा प्रत्यक्ष उपस्थित भई आवेदन बुझाउने उम्मेदवारहरूको ड्यू-डिलिजेन्स प्रमाणीकरण तथा आवश्यक कागजात जाँच दैनिक रूपमा गरिनेछ। आवश्यक योग्यता पूरा गरेका उम्मेदवारहरूको प्रारम्भिक छनोट गरिनेछ र प्रारम्भिक छनोटमा परेका उम्मेदवारहरूलाई अन्तिम अन्तर्वार्ताका लागि छनोट भएमा अन्तिम अन्तर्वार्ताको मितिभन्दा कम्तीमा एक दिनअघि जानकारी गराइनेछ। / Candidates who submit their applications in person at the SHR office will undergo due-diligence verification and necessary document checking on a daily basis. Candidates meeting the required qualifications will undergo initial screening, and those initially shortlisted will be informed at least one day prior to the final interview if selected for the final interview.

चरण ३:अन्तिम अन्तर्वार्ता / Step 3:Final Interview
- मिति/Date:२०२६ सेप्टेम्बर १८/18 September 2026(२०८३ असोज २ गते/2nd Ashwin 2083)
- स्थान / Venue: सुबास ह्युमन रिसोर्सेज प्रा. लि. कार्यालय परिसर, बिजुली बजार, नयाँ बानेश्वर, काठमाडौं, नेपाल / Subas Human Resources Pvt. Ltd. Office Premises, Bijuli Bazar, New Baneshwor, Kathmandu, Nepal

पूर्व-छनोट तथा ड्यू-डिलिजेन्स प्रक्रिया पूरा गरेका उम्मेदवारहरूलाई मात्र रोजगारदातासँगको अन्तिम अन्तर्वार्ताका लागि आमन्त्रित गरिनेछ। अन्तिम छनोट रोजगारदाताको मूल्याङ्कन तथा मापदण्डअनुसार हुनेछ।/Only candidates who have completed the pre-selection and due-diligence process will be invited for the final interview with the employer. Final selection will be by the Employer, based on the employer's assessment and criteria.

Google Maps मा हाम्रो कार्यालयको स्थान हेर्न कृपया QR कोड स्क्यान गर्नुहोस्। SCAN THE QR FOR OUR OFFICE LOCATION ON GOOGLE MAPS

चरण ४: मेडिकल परीक्षण, घर फिर्ता तथा भिसा आवेदन प्रक्रिया
Step 4: Medical Examination, Return Home and Visa Application Process

अन्तिम अन्तर्वार्तामा रोजगारदाताद्वारा छनोट भएका उम्मेदवारहरूलाई मेडिकल परीक्षण प्रक्रियाबारे जानकारी गराइनेछ। मेडिकल परीक्षण पूरा गरेपछि उम्मेदवारहरू सोही दिन आफ्नो घर / गाउँ फर्कन सक्नेछन्। मेडिकल नतिजाको प्रतीक्षामा काठमाडौंमै बसिरहन आवश्यक छैन। Candidates selected by the employer after the final interview will be informed about the medical examination process. After completing the medical examination, candidates may return to their home / village on the same day. They do not need to remain in Kathmandu while waiting for the medical results.

SHR ले मेडिकल नतिजा प्राप्त भएपछि सम्बन्धित उम्मेदवारहरूलाई जानकारी गराउनेछ। उम्मेदवार मेडिकल रूपमा फिट घोषित भएमा, रोजगारदाता पक्षले भिसा आवेदन प्रक्रिया अघि बढाउनेछ। भिसा आवेदन प्रक्रियाको अवधिमा उम्मेदवारहरू आफ्नो घर / गाउँमै रहन सक्नेछन्, र SHR ले आवश्यक सूचना तथा प्रगति अपडेटहरू समय–समयमा उपलब्ध गराउनेछ। SHR will notify the concerned candidates once the medical results are received. If a candidate is declared medically fit, the employer side will proceed with the visa application process. During the visa application period, candidates may remain at their home / village, and SHR will provide necessary instructions and regular progress updates.

चरण ५: प्रस्थानपूर्व गतिविधि तथा गन्तव्य मुलुकतर्फ प्रस्थान
Step 5: Pre-Departure Activities and Departure to Destination Country

भिसा प्राप्त भएपछि, रोजगारदाता पक्ष र छनोट भएका उम्मेदवारहरूबीच सम्भावित प्रस्थान मिति आपसी समन्वयमा निश्चित गरिनेछ। प्रस्थान मिति तय भएपछि, SHR ले उम्मेदवारहरूलाई पर्याप्त समय र सूचना दिएर काठमाडौं आउन अनुरोध गर्नेछ। काठमाडौं आएपछि उम्मेदवारहरूले प्रस्थानपूर्व आवश्यक गतिविधिहरू पूरा गर्नेछन्, जसमा रोजगार सम्झौता समीक्षा, प्रस्थानपूर्व अभिमुखीकरण, कागजात प्रमाणीकरण, यात्रा तयारी, अन्तिम जानकारी सत्र तथा गन्तव्य मुलुक जानुअघि आवश्यक अन्य तयारीहरू समावेश हुन सक्नेछन्। सबै आवश्यक प्रक्रिया पूरा भएपछि, छनोट भएका उम्मेदवारहरू गन्तव्य मुलुक मलेसियातर्फ प्रस्थान गर्नेछन्।

After visas are received, the employer side and selected candidates will coordinate to finalize a tentative departure date. Once the departure date is confirmed, SHR will request the candidates to come to Kathmandu with adequate notice and time for travel. After arriving in Kathmandu, candidates will complete the required pre-departure activities, which may include employment contract review, pre-departure orientation, document verification, travel preparation, final briefing, and other necessary preparations before departure. After all required processes are completed, selected candidates will depart to the destination country, Malaysia.

महत्वपूर्ण जानकारी Important Information

- उमेर प्रमाणीकरणका लागि सबै आवेदकहरूले नेपाल सरकारद्वारा जारी कम्तीमा दुई वटा सक्कली परिचय खुल्ने कागजात ल्याउनुपर्नेछ। For age & Identity verification, all applicants are requested to bring at least two original government-issued identity documents.
- आवेदकहरूले कुनै भर्ती शुल्क, सेवा शुल्क, धितो/बन्धक, अग्रिम रकम, उपहार वा अन्य कुनै रकम तिर्नु पर्दैन। Applicants are not required to pay any recruitment fee, service charge, mortgage, advance, gift, or any other payment.
- आवेदकहरूले कुनै एजेन्ट, बिचौलिया वा मध्यस्थकर्ता प्रयोग गर्नु पर्दैन। आवेदन सिधै दिन सकिनेछ। Applicants are not required to use any agent, middleman, or intermediary. Applications can be submitted directly.
- भर्ती प्रक्रियामा कुनै अनैतिक गतिविधि, शुल्क माग, झूटा आश्वासन वा समस्या भएमा तुरुन्त गुनासो गर्नुहोस्। उजुरीकर्ताको नाम गोप्य राखिनेछ। If there is any unethical activity, fee demand, false promise, or problem during recruitment, report it immediately. The complainant's identity will be kept confidential.
- SHR सबै इच्छुक उम्मेदवारहरूलाई यस रोजगारी अवसरको प्रकृति राम्रोसँग बुझ्नका लागि आफ्नै अनुसन्धान गर्न र यो विज्ञापन सावधानीपूर्वक पढ्न प्रोत्साहित गर्दछ। आवेदन दिनुअघि उम्मेदवारहरूले नैतिक भर्ती, गन्तव्य मुलुक, रोजगारदाता, रोजगारीका सर्तहरू तथा अन्य सम्बन्धित विषयहरूबारे आफ्नो तर्फबाट ड्यू-डिलिजेन्स गरी भर्ती प्रक्रियासम्बन्धी सबै विवरण स्पष्ट रूपमा बुझ्न प्रोत्साहित गरिन्छ। SHR encourages all interested candidates to conduct their own research and carefully read this advertisement to fully understand the nature of this employment opportunity. Candidates are also encouraged to carry out their own due diligence on ethical recruitment, the destination country, the employer, job conditions, and other relevant matters to ensure they clearly understand all details related and apply on free will.
- कुनै गुनासो वा चिन्ता भएमा SHR गुनासो नम्बरमा सम्पर्क गर्नुहोस्। गुनासो निष्पक्ष रूपमा अनुसन्धान गरी सकेसम्म छिटो समाधान गरिनेछ। For any grievance or concern, contact the SHR grievance number +9779805678362. Complaints will be investigated fairly and resolved as soon as possible.

DIRECT WORKER HIRING SYSTEM/ GRIEVANCE CHANNEL
सिधै श्रमिक भर्ती प्रणाली/ गुनासो च्यानल

NO AGENTS • NO FEES • DIRECT HIRING
एजेन्ट बिना • शुल्क बिना • सिधै भर्ती
AGENT एजेन्ट

सुबास ह्युमन रिसोर्सेस (प्रा.) लि. (SHR) कुनै पनि एजेन्ट, सब-एजेन्ट वा बिचौलियासँग काम गर्दैन। यहाँ आवेदन दिनका लागि कुनै पनि एजेन्ट वा बिचौलिया आवश्यक पर्दैन। यदि कसैले (SHR) सँग सम्बन्ध वा तपाईंको प्रक्रिया/नतिजामा प्रभाव पार्ने शक्ति भएको दाबी गर्दै पैसा मागेमा, कृपया पैसा नदिनुहोस् र तुरुन्तै हामीलाई जानकारी गराइदिनुहुन अनुरोध गर्दछौं। Subas Human Resources does not have or works with any agents, sub-agents, or middlemen. You do not need any agent or intermediary to apply with us. If anyone claims to have links with Subas or the power to influence your process/results and asks for money, PLEASE DO NOT PAY and report it to us immediately;

- grievance@subashumanresources.com
- +9779805678362 | +९७७९८०५६७८३६२
- OR Scan QR to file a complaint

SPEAK UP SAFELY & CONFIDENTIALLY
सुरक्षित र गोप्य रूपमा उजुरी गर्नुहोस्

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी | Information provided by the Department of Foreign Employment (DOFE)

१. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। Confirm that visa is issued under your name. | २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. | ३. यस विज्ञापन सूचनामा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। Be clear on the services, facilities and salary that is mentioned in this advertisement. | ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्छ। Before going abroad orientation or induction training should be attended compulsorily. | ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा, अन्य शर्तहरू राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोस् र सो को एक प्रति आफूसँग राख्नुहोस्। Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. | ६. काममा विदेश जाँदा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। While going abroad use International Airport of Nepal or else you might be deceived. | ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला। If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

SUBAS HUMAN RESOURCES PVT.LTD | सुबास ह्युमन रिसोर्सेज प्रा. लि.
REG : 70481/066/067
A Committed Ethical Recruitment Agency With Professional Ethics. We Always Deliver What We Promise, While Working To The Highest Quality. व्यावसायिक नैतिकतासहित प्रतिबद्ध नैतिक भर्ती एजेन्सी — हामी उच्च गुणस्तरमा काम गर्दै गरेका वाचा सधैं पूरा गर्छौं।
An ISO 9001:2015 Certified Recruitment Agency

An ISO 9001:2015 Certified Company
Bijuli bazar, New Baneshwor , Kathmandu Nepal
Hot line: +977-1-5244743 ,Phone: +977 -1-5244683, 5244681
Grievance Handling No: +9779805678362
Web: subashumanresources.com
Email: adm@subashumanresources.com
sec@subashumanresources.com
Grievance Handling Email : grievance@subashumanresources.com

OUR LOCATION ON GOOGLE MAPS | OUR OFFICIAL WEBSITE | OUR OFFICIAL LINKEDIN | OUR OFFICIAL FACEBOOK PAGE

अर्थ वाणिज्य
www.madhyanhadaiy.com
ग्रा.हु.का.द.नं. ३३/०६९/०७०
२६ भदौ २०८३ शुक्रबार
11 September 2026 Friday

भोटेकोसी बाढी

पुनर्निर्माणमा ७ खर्ब २३ अर्ब लाग्ने सबैभन्दा धेरै क्षति ऊर्जा क्षेत्रमा

मध्यान्ह संवाददाता
काठमाडौं, २५ भदौ

रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीपश्चात्को पुनर्निर्माणका लागि सरकारले ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यक पर्ने आकलन गरेको छ । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसहितको संयुक्त प्राविधिक टोलीले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनअनुसार विपद्बाट सबैभन्दा धेरै प्रभावित पूर्वाधार क्षेत्र पुनरुत्थानका लागि मात्रै ४ खर्ब ७३ अर्ब ५७ करोड १९ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ । यो कुल विपद् पुनरुत्थान आवश्यकताको ७५ प्रतिशत हिस्सा हो ।

पूर्वाधार क्षेत्रमध्ये पनि ऊर्जा र सडकमा व्यापक क्षति पुगेको छ । जहाँ ७५९ मेगावाट क्षमताका १३ वटा जलविद्युत् आयोजना र २४ मेगावाटका ५ वटा सोलार प्लान्ट प्रभावित भएका छन् । यसका कारण ऊर्जा तथा ग्रिड प्रणालीको पुनरुत्थानका लागि मात्रै ३ खर्ब ९० अर्ब ६२ करोड ३० लाख ४० हजार रुपैयाँ आवश्यक पर्ने देखिएको छ । यसैगरी ६९ किलोमिटर सडक खण्ड क्षतिग्रस्त भएको छ । ३३ वटा मोटरेबल पुल बगेका छन् भने ४ वटामा आंशिक क्षति पुगेको छ। यस्तै, बाढी प्रभावित क्षेत्रमा रहेका ६४ वटा झोलुंगे पुलमध्ये ५३ वटामा क्षति पुगेको छ । प्रभावित क्षेत्रको समग्र यातायात पूर्वाधार पुनरुत्थानका लागि ७३ अर्ब ३४ करोड २९ लाख ६० हजार रुपैयाँ खर्च लाग्ने देखिन्छ।

बाढीका कारण सामाजिक तथा उत्पादन क्षेत्रमा पनि ठुलो भौतिक र आर्थिक असर परेको छ। बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन गरी ७ हजार ५७० वटा निजी घरहरू क्षतिग्रस्त भएका छन् । यसबाहेक ४८ वटा सार्वजनिक भवन, १८ वटा विद्यालय, ७ वटा स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदामा क्षति पुगेको छ। यो क्षेत्रका लागि १ खर्ब ३ अर्ब ५४ करोड ९९ लाख रुपैयाँ बजेट आवश्यक छ ।

यसैगरी, व्यापार, व्यवसाय, बैंक र कृषि समेटिएको उत्पादक क्षेत्रको पुनरुत्थानका लागि ५० अर्ब ७७ करोड ४९ लाख रुपैयाँ लाग्ने आकलन गरिएको छ । उत्पादन क्षेत्रअन्तर्गत १ हजार ८०६ हेक्टर कृषि बाली, १७ वटा बैंक शाखा र ४ हजार ८०० व्यापारिक प्रतिष्ठानहरू प्रभावित भएका छन् ।

५ जिल्लाका प्रभावित १५ स्थानीय तहमध्ये नुवाकोटको विदुर नगरपालिकामा मात्रै ३ हजार २६ घरमा क्षति पुगेको छ । विपद् जोखिम न्यूनीकरण तथा नदी व्यवस्थापनका लागि ९४ अर्ब ७५ करोड ३१ लाख रुपैयाँ र लेदो तथा भग्नावशेष व्यवस्थापनका लागि ५१ करोड ५४ लाख रुपैयाँ आवश्यक पर्ने प्रतिवेदनले औंल्याएको छ । प्रतिवेदनले पुनर्निर्माणलाई दुई चरणमा विभाजन गरेको छ। जसअनुसार, आगामी ६ महिनाभित्र तत्काल राहत तथा अल्पकालीन पुनर्निर्माणका लागि ८ अर्ब ७३ करोड ५० लाख रुपैयाँ र दीर्घकालीन पुनर्निर्माणका लागि ७ खर्ब १४ अर्ब ५८ करोड २ लाख रुपैयाँ खर्च हुने अनुमान छ।

दीपककुमार साह बने उद्योगमन्त्री

काठमाडौं/मस- उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीमा दीपककुमार साह नियुक्त भएका छन् । गौरीकुमारी यादवले पदबाट राजीनामा दिएसँगै उद्योगमन्त्री पदमा साह नियुक्त भएका हुन् । प्रधानमन्त्री बालेन शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट नियुक्त भएलगत्तै उनले पद तथा गोपनीयताको शपथ लिए । शपथपछि नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री साहले बिहीबार नै पदभार ग्रहण गरेका छन् ।

पदभार ग्रहण गरेपछि मन्त्री साहले विगतमा भएका काम र प्रगतिको जानकारी लिएर आफूले काम सुरु गर्ने बताए । उनले ग्यास अभावको समस्यालाई समाधानको लागि आफ्नो पहिलो प्राथमिकता रहेको बताए । नवनियुक्त मन्त्री साह सुनसरी ४ बाट निर्वाचित रास्वपाका सांसद हुन् ।

असोज १ देखि काठमाडौंमा नवौं नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी हुने

काठमाडौं/मस- 'सुरक्षित आवास, प्रत्येक नागरिकको अधिकार' भन्ने मूल नाराका साथ 'सिजी प्रोपर्टिज नवौं नेपाल घरजग्गा तथा निर्माण प्रदर्शनी-२०८३' आगामी असोज १ देखि ४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने भएको छ ।

नेपाल जग्गा तथा आवास विकास संघ र नेपाल जग्गा तथा आवास विकास महासंघको संयुक्त आयोजनामा हुने प्रदर्शनी नेपाल चेम्बर अफ कमर्सको ७५औं हिरक जयन्तीको अवसरमा चेम्बरको सहकार्यमा आयोजना गर्न लागिएको हो । प्रदर्शनीको व्यवस्थापन सिया इभेन्ट एसोसिएट्सले गर्नेछ ।

प्रदर्शनीमा नेपालका विभिन्न स्थान तथा छिमेकी मुलुक भारतबाट समेत गरी १०० भन्दा बढी स्टल रहने आयोजकले जनाएको छ । सबै स्टल बुकिङ भइसकेको बताइएको छ । अपार्टमेन्ट, जग्गा विकास आयोजना, सिमेन्ट, स्टिल, काठ, सिसा, पेन्ट्स, सेनिटरी, विद्युतीय उपकरण, इन्टेरियर डिजाइन, सौर्य ऊर्जा, रेन वाटर हार्भेस्टिङ तथा फोहोर व्यवस्थापनलगायतका सामग्री तथा प्रविधि प्रदर्शनीमा राखिनेछन् ।

आयोजकका अनुसार यसपटक प्रदर्शनीलाई वातावरणमैत्री बनाउन डिजिटल स्ट्यान्डी, इलेक्ट्रोनिक कियोस्क तथा भर्चुअल रियालिटी प्रविधिको प्रयोग गरिनेछ । यसबाट प्रदर्शनीलाई 'पेपरलेस' बनाउने लक्ष्य राखिएको छ । प्रदर्शनीबारे जानकारी दिँदै नवौं नेपाल घरजग्गा एवं निर्माण प्रदर्शनीका संयोजक रोशन भोयध्योले सुरक्षित, व्यवस्थित तथा वैज्ञानिक बस्ती विकासमार्फत दिगो सहरीकरण प्रवर्धन गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको बताए । नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले घरजग्गा व्यवसायमा देखिएको समस्या समाधानका लागि नीतिगत सुधार आवश्यक रहेको बताए । उनले व्यवसाय क्षेत्रको सुस्तताका कारण समग्र अर्थतन्त्रमा समेत प्रभाव परेको भन्दै घरजग्गा कारोबारमा लागू विभिन्न शुल्क तथा करका विषयमा पुनर्विचार गर्नुपर्ने धारणा राखे ।

मल्होत्राले घरजग्गा क्षेत्रलाई चलायमान बनाउन लोन-टु-भ्यालु अनुपात ७० प्रतिशत पुऱ्याउनुपर्ने मागसमेत गरे । बैंकिङ क्षेत्रमा तरलता सहज हुँदै गएको र ब्याजदर घट्दो क्रममा रहेकाले घरजग्गा क्षेत्रमा लगानीको वातावरण सुधार गर्नुपर्ने उनको भनाइ थियो । यस्तै नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष विष्णुप्रसाद घिमिरेले घरजग्गा व्यवसाय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको बताए । उनले क्षेत्रलाई व्यवस्थित र चलायमान बनाउन निजी क्षेत्र तथा सरकारबीच सहकार्य आवश्यक रहेको भन्दै प्रदर्शनीलाई सफल बनाउन सबै पक्षलाई आग्रह गरे । त्यस्तै, नेपाल जग्गा तथा आवास विकास संघका अध्यक्ष दीपक कुँवरले भूकम्प, कोभिड-१९ महामारी तथा आर्थिक शिथिलतापछि पनि घरजग्गा तथा निर्माण क्षेत्रले निरन्तरता पाउँदै आएको बताए । प्रदर्शनीले घरजग्गा कारोबारमा मात्र नभई निर्माण क्षेत्रसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएका उद्योग, व्यवसाय र श्रमशक्तिलाई समेत समेट्ने उनले बताए । उनका अनुसार प्रदर्शनीमार्फत करिब १ करोड ४० लाख रुपैयाँ आसपासको मूल्यमा घर उपलब्ध हुने विकल्पहरू समेत उपभोक्तासमक्ष प्रस्तुत गरिनेछन् ।

स्वावलम्बन लघुवित्तद्वारा बाढीप्रभावितलाई राहत वितरण

काठमाडौं/मस- स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नुवाकोटको विदुर नगरपालिका वडा नं. ३ का बाढीपीडितलाई राहत वितरण गरेको छ । संस्थाले सडक सञ्जाल टुटेका कारण उद्धार र राहतबाट वञ्चित रहेका नदी पारीको तटीय क्षेत्रका १४१ जना बाढी प्रभावितलाई संस्थाले अत्यावश्यक खाद्यान्न तथा स्वास्थ्य सामग्री वितरण गरेको जनाएको छ । बाढीका कारण सस्थाका शाखा कार्यालय वेत्रावती कार्यालय प्रमुखसहित २ जना कर्मचारी हालसम्म सम्पर्कविहीन रहेका छन् । निरन्तरको खोज तथा उद्धार प्रयासका बाबजुद उनीहरूको अवस्था रहेको र सहकर्मीहरू बेपत्ता भएको यस अत्यन्त मर्माहत र पीडादायी घडीमा संस्थाले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विपद्मा परेका नागरिकलाई सहयोग गरेको हो ।

बुद्ध रिजेन्सीले सेयर निष्कासन गर्ने

काठमाडौं/मस- लुम्बिनीको सिद्धार्थनगरमा अवस्थित पाँचतारे स्तरको होटेल बुद्ध रिजेन्सी लिमिटेडले सर्वसाधारणका लागि जारी गरिने १ सय अंकित दरका १५ लाख कित्ताले हुन आउने रु.१५ करोड रकम बराबरको साधारण सेयर निष्कासन गर्न निष्कासन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ । उक्त सेयर निष्कासनका लागि बुद्ध रिजेन्सी लिमिटेडको तर्फबाट सञ्चालक सुनिल अग्रवाल तथा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठका बीच लक्ष्मी सन्राइज द्विपक्षीय सम्झौतापत्रमा हस्ताक्षर भएको हो । कम्पनीले निकट भविष्यमा उक्त साधारण सेयर निष्कासन गरिने सम्झौता गरेको छ । बुद्ध रिजेन्सी होटल नेपालको सिद्धार्थनगर (भैरहवा)स्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ठीक अगाडि सञ्चालनमा आएको एक उत्कृष्ट ५-तारे लक्जरी होटल हो ।

बाढीपीडितलाई एएचजेड एसोसिएट्स नेपाल र डिएमएच फाउन्डेसन बंगलादेशको राहत

काठमाडौं/मस- रसुवा र नुवाकोटमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले एएचजेड एसोसिएट्स नेपाल र डा. मुस्तफा हाजेरा फाउन्डेसन (डिएमएच फाउन्डेसन), बंगलादेशले संयुक्त रूपमा राहत वितरण गरेका छन् ।

बाढीबाट सयौं परिवार प्रभावित भई घर, खाद्यान्न तथा दैनिक जीवनयापनका आवश्यक सामग्रीमा क्षति पुगेपछि राहतको आवश्यकता बढिरहेका बेला संस्थाहरूले नुवाकोटको विदुर क्षेत्रमा पुगेर प्रभावित परिवारलाई खाद्यान्न तथा आधारभूत आवश्यकताका सामग्री वितरण गरेका हुन् ।

राहत वितरणका क्रममा एएचजेड एसोसिएट्स नेपालको टोलीले प्रभावित परिवारसँग प्रत्यक्ष भेटघाट गरी उनीहरूको अवस्था, समस्या र आवश्यकताबारे जानकारीसमेत लिएको थियो । डिएमएच फाउन्डेसन, बंगलादेशका अध्यक्ष क्यापटेन ए.के.एम. गोलाम कबिरियाले विपद्को समयमा पीडितको साथमा उभिनु सबैको साझा जिम्मेवारी भएको बताए । उनले भने, 'मानवताको कुनै सीमा हुँदैन ।

जब मानिसहरू कठिनाइ र क्षतिको सामना गरिरहेका हुन्छन्, त्यतिबेला उनीहरू कहाँबाट आएका हुन् भन्नेभन्दा पनि उनीहरूको साथमा उभिनु महत्त्वपूर्ण हुन्छ । नेपालका बाढीपीडित परिवारलाई सहयोग गर्ने अवसर पाएकोमा हामी गौरवान्वित छौं ।' राहत अभियानको नेतृत्व एएचजेड एसोसिएट्स नेपालका कन्ट्री म्यानेजर शोविन थापाले गरेका थिए ।

प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८३/०५/२६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेतबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणी श्री **ए.डि ट्रेडर्स** को नाममा मिति बि.सं. २०८३/०१/१६ मा जन सवाल राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति बि.सं. २०८३/०४/२६ को हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेतमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिने छ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

ऋणी फर्मको नाम र ठेगाना

ऋणीको नाम : श्री ए.डि ट्रेडर्स
रजिष्टर्ड ठेगाना : बिरेन्द्रनगर-१६, सुर्खेत
रजिष्ट्रेसन नं. : ५२६२/०७२/०७३, (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, सुर्खेत)
पान नं. : ६०३६६७४१९ (आ.रा.का. सुर्खेत)

फर्मको प्रोप्राइटरको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : अनिता देवकोटा बाबु : गोविन्द प्रसाद देवकोटा बाजे : गंगा प्रसाद देवकोटा ससुरा : ओमदत्त रेग्मी पति : अनिल दत्त रेग्मी ठेगाना : बिरेन्द्रनगर नगरपालिका -१२, सुर्खेत हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत ना.प्र.नं. : ६४१०१७/९४३८१ जारी मिति : २०६६/०९/१६ जि.प्र.का. : सुर्खेत	१. नाम : अनिल दत्त रेग्मी बाबु : ओमदत्त रेग्मी बाजे : गोपाल प्रसाद रेग्मी ठेगाना : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत ना.प्र.नं. : ६४५१८०१ जारी मिति : २०५९/०२/०६ प्रतिलिपि मिति : २०६८/११/२६ जि.प्र.का. : सुर्खेत
२. नाम : ओमदत्त रेग्मी बाबु : गोपाल प्रसाद रेग्मी बाजे : धुण्डीराज उपाध्याय ठेगाना : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत ना.प्र.नं. : ८२३ जारी मिति : २०३७/०५/२९ प्रतिलिपि मिति : २०६१/०४/१४ जि.प्र.का. : सुर्खेत	३. नाम : सुधा देवी रेग्मी बाबु : सन्त कुमार भट्ट ससुरा : गोपाल प्रसाद रेग्मी पति : ओमदत्त रेग्मी ठेगाना : बिरेन्द्रनगर नगरपालिका -८, सुर्खेत हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत ना.प्र.नं. : ४७१६ जारी मिति : २०३७/०६/०१ जि.प्र.का. : सुर्खेत

धितो राखिएको सम्पत्ति विवरण

माथि उल्लिखित ऋणी श्री ए.डि ट्रेडर्सले उपभोग गरेको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण:
१. धितो सुरक्षण धनीको नाम : श्रीमती सुधा देवी रेग्मी

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१	सुर्खेत	वीरेन्द्रनगर	७	८८	१६.००	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
२	सुर्खेत	वीरेन्द्रनगर	७	५६	३०७.००	
हाल: बिरेन्द्रनगर-७, सुर्खेत						

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेतमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८३/०६/०२ गते, शुक्रबार ।
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेत ।

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**